# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १० | अंक ३७ | काठमाडौं | मंगलबार, १६ जेठ २०८० | Prabhab National Daily | Tuesday, May 30, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५/-


# १७ खर्ब ५१ अर्बको बजेट

## आर्थिक वृद्धिदर ६ प्रतिशत पुऱ्याउने लक्ष्य



- चालु : ११ खर्ब ४१ अर्ब ७८ करोड
- पुँजीगत : ३ खर्ब २ अर्ब ७ करोड
- वित्तीय : ३ खर्ब ७ अर्ब ४५ करोड
- सांसद विकास कोष फेरि ब्युँताइयो
- गाँजाखेतीको सम्भाव्यता अध्ययन
- भौतिक पूर्वाधारको बजेट ३० अर्बले घटाइयो
- स्वास्थ्यतर्फको बजेट १४ अर्बले बढ्यो
- प्रोत्साहन र अतिरिक्त भत्ता खारेज

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले आगामी आर्थिक वर्षका लागि १७ खर्ब ५१ अर्ब ३१ करोड रूपैयाँ बराबरको बजेट ल्याएको छ । अर्थमन्त्री डा. प्रकाशशरण महतले सोमबार संघीय संसद्को संयुक्त बैठकमा आगामी आव २०८०/८१ को बजेट प्रस्तुत गरेका हुन् । उनले चालु आवको तुलनामा ४२ अर्ब रूपैयाँ घटाएर बजेट ल्याएका छन् । चालु आवको बजेट १७ खर्ब ९३ अर्ब ८३ करोड रूपैयाँ बराबरको छ ।

अर्थमन्त्री महतले कूल विनियोजनमध्ये चालुतर्फ ११ खर्ब ४१ अर्ब ७८ करोड रूपैयाँ अर्थात् ६५.२० प्रतिशत र पुँजीगततर्फ तीन खर्ब दुई अर्ब सात करोड रूपैयाँ अर्थात् १७.२५ प्रतिशत बजेट छुट्याएका छन् । यस्तै, वित्तीय व्यवस्थापनतर्फ तीन खर्ब सात अर्ब ४५ करोड अर्थात् १७.५५ प्रतिशत रहेको छ ।

कुल विनियोजनमा प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ चार खर्ब आठ करोड रूपैयाँ विनियोजन गरिएको छ । आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये राजस्वबाट १२ खर्ब ४८ अर्ब ६२ करोड रूपैयाँ र वैदेशिक अनुदानबाट ४९ अर्ब ९४ करोड रूपैयाँ बेहोर्ने लक्ष्य राखिएको छ । यसबाट चार खर्ब ५२ अर्ब ७५ करोड रूपैयाँ स्रोत न्यून हुनेछ । सो न्यून पूर्ति गर्न वैदेशिक ऋणबाट दुई खर्ब १२ अर्ब ७५ करोड रूपैयाँ जुटाइने उल्लेख छ । राजस्व परिचालन र वैदेशिक सहायता परिचालन गर्दा नपुग हुने खुद दुई खर्ब ४० अर्ब रूपैयाँ आन्तरिक ऋणबाट बेहोरिने अर्थमन्त्री महतले बताए ।

राष्ट्रिय योजना आयोगले आगामी आर्थिक वर्षको बजेट १६ खर्ब ८८ अर्ब रूपैयाँ बराबर हुनेगरी योजना बनाउन सिलिङ दिएको थियो । अर्थमन्त्री महतले योजना आयोगको सिलिङभन्दा ६३ अर्ब रूपैयाँ बढीको बजेट ल्याएका हुन् ।

सरकारले दोस्रो चरणको आर्थिक सुधार र अर्थतन्त्रको संरचनागत परिवर्तनको नारासहित आर्थिक वर्ष २०८०/८१ को बजेट तयार पारेको छ ।

आगामी आवमा आर्थिक वृद्धिदर छ प्रतिशत पुऱ्याउने लक्ष्य बजेटमा राखिएको छ । यस्तै, मूल्यवृद्धि साढे छ प्रतिशतभन्दा बढ्न नदिने लक्ष्य कायम गरेको छ ।

'आगामी आर्थिक वर्षमा छ प्रतिशतको आर्थिक वृद्धि हासिल हुने अपेक्षा राखेको छु । मुद्रास्फीति ६.५ प्रतिशतमा सीमित हुने अनुमान रहेको छ,' अर्थमन्त्री महतले बजेट प्रस्तुत गर्दै भने, 'यस बजेटले लिएको उद्देश्य प्राप्त गर्न सघाउ पुग्नेगरी नेपाल राष्ट्र बैंकले मौद्रिक नीति तय गर्नेछ ।'

### 30 अर्बले घट्यो भौतिक पूर्वाधारको बजेट

सरकारले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका लागि एक खर्ब ३१ अर्ब ५९ करोड रूपैयाँ विनियोजन गरेको छ । अर्थमन्त्री महतले खुद्रे आयोजनामा बजेट नदिएर सम्पन्न भएर नतिजा देखिने खालका रणनीतिक आयोजनामा मात्रै बजेट व्यवस्था गरेपछि भौतिक पूर्वाधार मन्त्रालयको बजेट ३० अर्बले घटेको बताए ।

चालु आवमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका लागि एक खर्ब ६१ अर्ब ५६ करोड रूपैयाँ बजेट विनियोजन गरिएको थियो । सरकारले दोस्रो चरणको आर्थिक सुधार र अर्थतन्त्रको संरचनागत परिवर्तनको नारासहित आर्थिक वर्ष २०८०/८१ को बजेट तयार पारेको अर्थमन्त्री डा. महतले बताए ।

### प्रोत्साहन र अतिरिक्त भत्ता खारेज

कर्मचारीलाई दिइँदै (बाँकी पृष्ठ ३ मा)

## यी हुन् बजेटका १६ लोकप्रिय नारा

(पृष्ठ ३ मा)

## कुन मन्त्रालयलाई कति बजेट ?

**काठमाडौं (प्रस)–** सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि सबैभन्दा बढी गृह मन्त्रालयलाई एक खर्ब ९४ अर्ब १६ करोड ५३ लाख रूपैयाँ बराबरको बजेट विनियोजन भएको छ । सबैभन्दा कम कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका लागि ७७ करोड ५६ लाख रूपैयाँ विनियोजन भएको छ ।

अर्थ मन्त्रालयका लागि ४७ अर्ब २७ करोड ६५ लाख, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका लागि नौ अर्ब ४५ करोड ९६ लाख, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका लागि ८७ अर्ब ४५ करोड चार लाख रूपैयाँ बजेट विनियोजन भएको छ ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका लागि ५८ अर्ब ९८ करोड २१ लाख रूपैायँ, खानेपानी मन्त्रालयका लागि २८ अर्ब १५ करोड ५६ लाख, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका लागि ११ अर्ब ९६ करोड २६ लाख, परराष्ट्र मन्त्रालयका लागि छ अर्ब दुई करोड ५७ लाख बजेट विनियोजन गरिएको छ । (बाँकी पृष्ठ ३ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

# श्रम मन्त्रालयको बजेट एक अर्बभन्दा बढी कटौती

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ को बजेटमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयतर्फको बजेट घटाएको छ । अर्थमन्त्री डा. प्रकाशशरण महतले सोमबार संघीय संसद्मा प्रस्तुत गरेको बजेटमा श्रम मन्त्रालयअन्तर्गत आठ अर्ब आठ करोड रूपैयाँ रकम विनियोजन गरिएको छ । यो चालु आर्थिक वर्षकोभन्दा एक अर्ब पाँच करोड रूपैयाँले न्यून हो । चालु आवमा मन्त्रालयको बजेट नौ अर्ब १३ करोड रूपैयाँ रहेको छ ।

सरकारले कूल १७ खर्ब ५१ अर्ब ३१ करोडको बजेट सार्वजनिक गरेको हो । समग्र बजेट पनि चालु आवकोभन्दा सानो आकारको ल्याएको छ ।

बजेटमा रोजगारदाता मुलुकहरूसँग असल श्रम सम्बन्ध स्थापना गरी वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित तथा मर्यादित बनाइने उल्लेख गरिएको छ । वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूको दक्षता अभिवृद्धि गर्न गन्तव्य मुलुकको मागअनुसार आवश्यक सीपयुक्त जनशक्ति उत्पादन गर्ने नीति लिइएको छ । मौजुदा तालिम प्रदायक संस्थाहरूको पुनर्संरचना र एकीकरण गरी राष्ट्रिय व्यावसायिक सीप विकास प्रतिष्ठान गठन गरी निजी क्षेत्रसँगको समन्वय र सहकार्यमा स्थानीय तहबाट व्यावसायिक सीपमूलक तालिम प्रदान गर्ने व्यवस्था मिलाइने बजेटमा उल्लेख गरिएको छ ।

यसैगरी वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति र नवीकरण गर्न काठमाडौं धाउनुपर्ने विद्यमान अवस्थाको अन्त्य गर्ने बताइएको छ । यसका लागि स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रमार्फत नै श्रम स्वीकृति र नवीकरण सेवा लिनसक्ने व्यवस्था मिलाइएको छ । प्रस्तुत बजेटमा वैदेशिक रोजगारीका नयाँ र आकर्षक गन्तव्य मुलुकहरूको पहिचान गरी रोजगारीका अवसरहरूको उपयोग गर्ने नीति अघि सारिएको छ । विभिन्न देशसँग गरिएका श्रम सम्झौता पुनरावलोकन गरी वैदेशिक रोजगारीमा जाने श्रमिकको लागि न्यूनतम पारिश्रमिक, सामाजिक सुरक्षा, मर्यादित रोजगारी, बिमा र तत्काल गुनासो सम्बोधनलगायतका विषयहरू थप व्यवस्थित गर्ने बताइएको छ । यसका लागि गन्तव्य मुलुकको आवश्यकताबमोजिम श्रमिकलाई दक्ष र सीपयुक्त बनाई उच्च पारिश्रमिक प्राप्त गर्नसक्ने बनाउने उल्लेख छ ।

बजेटमार्फत वैदेशिक रोजगारीको सिलसिलामा विदेशमा अलपत्र परेका नागरिकहरूको शीघ्र उद्धार गर्ने व्यवस्था मिलाइएको छ । वैदेशिक रोजगारीका क्रममा घाइते वा मृत्यु भएका श्रमिकको परिवारलाई प्रदान गरिने राहत, क्षतिपूर्ति, छात्रवृत्तिलगायतका कल्याणकारी सेवा सम्बन्धित स्थानीय तहबाटै प्राप्त गर्न सकिने व्यवस्था मिलाइएको उल्लेख गरिएको छ । यतिमात्र नभई 'अबको जीवन स्वदेशमा नै' भन्ने नाराका साथ वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिलाई उद्यमशीलता विकास गर्ने र रोजगारीमा आबद्ध गर्नेगरी कार्यक्रम सञ्चालन गर्ने बताइएको छ ।

साथै, गरिबीको रेखामुनि रहेका र वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिलाई लघु उद्यमीको रूपमा विकास गर्न स्थानीय तहमार्फत सीप विकास तालिम र व्यावसायिक परामर्श सेवा सञ्चालन गरिने जनाइएको छ । त्यसैगरी श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका श्रमिकलाई लक्षित गरेर सरकारले रेमिटचान्स बण्ड (ऋणपत्र) जारी गर्ने जनाएको छ । रेमिटचान्सलाई औपचारिक माध्यमबाट भित्र्याउने र पूर्वाधार क्षेत्रमा लगानी गरिने उल्लेख गरिएको छ । तर, अर्थमन्त्री महतले बजेटमा वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूलाई प्रदान हुँदै आएको सहुलियतपूर्ण कर्जालाई निरन्तरता दिने र यस्तो कर्जामा हुने ब्याज अनुदानको सम्बन्धमा उल्लेख गरेका छैनन् ।

त्यस्तै बजेटमा वैदेशिक रोजगारी तथा स्वरोजगारमा रहेका श्रमिकलाई सामाजिक सुरक्षा कोषमार्फत योगदानमा आधारित सामाजिक सुरक्षाको दायरा विस्तार गर्दै लैजाने बताइएको छ । सामाजिक सुरक्षा कोषलाई दिगो र प्रतिफलमुखी बनाउन कोषको रकम उत्पादनमूलक तथा पूर्वाधारलगायतका क्षेत्रमा लगानी गर्ने व्यवस्था मिलाइने उल्लेख छ । साथै कोषको रकम कामदारको स्वास्थ्य उपचार, सन्ततिको शिक्षा तथा परिवारको बिमा, व्यवसाय सञ्चालन र व्यावसायिक सीपसम्बन्धी तालिम सञ्चालनमा उपयोग गरिने बताइएको छ ।

अर्थमन्त्री महतले वैदेशिक रोजगारीलाई मात्र प्राथमिकता दिएका छैनन् । उनले सरकारले सञ्चालन गरिरहेको प्रधानमन्त्री रोजगार कार्यक्रमलाई पुनर्संरचना गर्ने बताएका छन् । जसमा उत्पादनशील रोजगारी सिर्जना गर्ने र श्रम बजारको नतिजामा सुधार गर्ने उद्देश्यसहित कार्यक्रमको ढाँचामा परिमार्जन गर्ने जनाइएको छ । स्थानीय तहबाट कार्यान्वयन हुने श्रममूलक कामका लागि सूचीकृत वेरोजगारलाई कार्यस्थलमा आधारित तालिमसहितको न्यूनतम रोजगारी प्रदान गरिने भएको छ । स्थानीय तहबाट नै श्रम, सीप, उद्यमशीलता विकासलगायतका सेवा प्रदान गर्नसक्ने गरी रोजगार सेवा केन्द्रको स्तरोन्नति गर्ने लक्ष्यका साथ प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि पाँच अर्ब ९४ करोड रूपैयाँ बजेट विनियोजन गरिएको छ । त्यस्तै श्रमिकको न्यायमा पहुँच स्थापित गर्न श्रम अदालतको सेवालाई पनि विस्तार गर्ने उल्लेख गरिएको छ ।




# तस्बिरमा गणतन्त्र दिवस समारोह









१. गणतन्त्र दिवसको अवसरमा सैनिक मञ्च टुँडिखेलमा सोमबार बिहान आयोजित औपचारिक समारोहमा सहभागी राष्ट्रपति रामचन्द्र पौडेल, उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री पुष्पकमल दाहाललगायत ।
२. शान्तिको प्रतिक परेवा उडाइँदै ।
३. औपचारिक समारोहमा हेलिकप्टरमा गणतन्त्र लेखिएको तुल फहराइँदै ।
४. टुँडिखेलमा आयोजित औपचारिक समारोहमा सहभागी सुरक्षा निकायका उच्चपदस्थ अधिकारीहरू ।

*तस्बिरहरूः रासस*



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

जेठ १६ गते २०८०, मंगलबार

**मेष** राजनैतिक कार्यमा पनि सफलता मिल्नेछ।

**वृष** एउटै कामबाट दोहोरो लाभ मिल्नेछ।

**मिथुन** नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ

**कर्कट** अरुले आलोचना पनि गर्न सक्छन्।

**सिंह** आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ।

**कन्या** आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ।

**तुला** धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ।

**वृश्चिक** स्वास्थ्यमा गडबडी भई दैनिक कामकाजमा

**धनु** असर पर्नसक्छ

**मकर** पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला।

**कुम्भ** परोपकारमा रुचि बढ्नेछ।

**मीन** कूटनीतिक नियोगको सहयोग मिल्ला।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

जेठ १६ गते, २०८०, ३० मे, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३०.६३ | १३१.२३ |
| युरो | १ को | १४३.९८ | १४४.६४ |
| पाउन्ड स्टिर्लङ | १ को | १६४.२५ | १६५.०१ |
| स्विस फ्रैन्क | १ को | १४६.०८ | १४६.७५ |
| अस्ट्रेलियन डलर | १ को | ८६.३२ | ८६.७२ |
| क्यानाडियन डलर | १ को | ९६.३९ | ९६.८३ |
| सिंगापुर डलर | १ को | ९७.८६ | ९८.३१ |
| जापानी येन | १० को | ९.५८ | ९.६३ |
| चिनियाँ युआन | १ को | १८.९० | १८.९९ |
| साउदी अरब रियाल | १ को | ३४.८३ | ३४.९९ |
| कतारी रियाल | १ को | ३५.८३ | ३५.९९ |
| थाई भाट | १ को | ३.८३ | ३.८५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.५७ | ३५.७४ |
| मलेसियन रिंगेट | १ को | २९.२९ | २९.४२ |
| दक्षिण कोरियन वन | १०० को | ९.७६ | ९.८१ |
| स्विडिस क्रोनर | १ को | १२.७३ | १२.७९ |
| डेनिस क्रोनर | १ को | १९.३१ | १९.४० |
| हङकङ डलर | १ को | १६.६४ | १६.७२ |
| कुवेती दिनार | १ को | ४२६.२४ | ४२८.२० |
| बहराइन दिनार | १ को | ३४६.५२ | ३४८.११ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# यी हुन् बजेटका १६ लोकप्रिय नारा



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकारले आगामी वर्षको लागि १७ खर्ब ५१ अर्ब ३१ करोडको बजेट प्रस्तुत गरेको छ । अर्थमन्त्री डा. प्रकाशशरण महतले सोमबार आगामी वर्ष २०८०/८१ को बजेट प्रस्तुत गरेका हुन् । बजेटमा विभिन्न लोकप्रिय नाराहरू समावेश गरिएका छन् ।

### "आत्मनिर्भर अर्थतन्त्रको आधार : स्वदेशमै उत्पादन र रोजगार"

स्थानीय आर्थिक सम्भावनाका आधारमा उत्पादन र रोजगारीका अवसर वृद्धि गरी आत्मनिर्भर अर्थतन्त्र विकास गर्न सबै स्थानीय तहमा राष्ट्रिय उत्पादन र रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने गरी यो नारा प्रस्तुत गरिएको छ । यस कार्यक्रमलाई मूलतः कृषिको व्यावसायीकरण, लघु तथा साना उद्योग प्रवर्द्धन र सूचना प्रविधि तथा पर्यटन क्षेत्रको विकासमा केन्द्रित गरिने बजेटमा उल्लेख छ । यसैगरी बाँझो र उपयोगविहिन जमिनको उपयोग गरी उद्यम गर्न प्रोत्साहित गरिने जनाइएको छ । यो नारा पूरा गर्न यस सात अर्ब रूपैयाँ बजेट विनियोजन गरिएको छ ।

यसैगरी सरकारले 'मेक इन नेपाल, मेड इन नेपाल' नारालाई पनि सरकारले निरन्तरता दिने भएको छ । 'स्वदेशी उत्पादनलाई प्रवर्द्धन र विस्तार गर्न निजी क्षेत्रबाट अगाडि बढाइएका मेक इन नेपाल र मेड इन नेपाल अभियानलाई प्रोत्साहित गरिनेछ,' बजेटमा भनिएको छ ।

### "उत्पादन साथमा, अनुदान हातमा"

यसैगरी सरकाले उत्पादन बढाउन 'उत्पादन साथमा, अनुदान हातमा' नारा अघि सारेको छ । कृषि अनुदानलाई उत्पादनमा आधारित बनाउन यो नारा अघि सारिएको बजेटमा उल्लेख गरिएको छ । 'बीउ खरिद, रासायनिक मल, बिमा र यान्त्रिकीकरणमा दिइँदै आएको अनुदानबाहेकका बाँकी सबै प्रकारका कृषि अनुदानलाई उत्पादनमा आधारित बनाइनेछ,' बजेटमा भनिएको छ, 'यस बमोजिम अनुदान प्रणालीलाई व्यवस्थित र पारदर्शी बनाउन आगामी साउन मसान्तभित्र नयाँ मापदण्ड र कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।'

### खेतबारीमा प्राविधिक सेवा, उत्पादनमा टेवा

बजेटमा खेतबारीमा प्राविधिक सेवा दिने उद्देश्यसहित 'खेतबारीमा प्राविधिक सेवा, उत्पादनमा टेवा' भन्ने नाराका अघि सारिएको छ । यसका लागि ४७ करोड विनियोजन गरिएको अर्थमन्त्री महतले बताए । 'हरेक स्थानीय तहमा कृषि एवं पशुपन्छी विषयका स्नातक जनशक्ति व्यवस्थापन गर्न ४७ करोड रूपैयाँ विनियोजन गरेको छु,' बजेट भाषणका क्रममा महतले भने, 'यसबाट किसानले खेतबारीमा नै प्राविधिक सेवा प्राप्त गर्न सक्ने विश्वास लिएको छु ।'

### पोषणयुक्त घाँसेबालीको विकास गरौं, पशुजन्य उत्पादन बढऔं

बजेटमा पशु विसकाका लागि 'पोषणयुक्त घाँसेवालीको विकास गरौं, पशुजन्य उत्पादन बढाऔं' नारा पनि अघि सारिएको छ । १०० वटा स्थानीय तहमा जौ, नेपियर, मेन्डुला, वर्सिमलगायत जातका घाँसे बाली विकास तथा पोषण सुधारका कार्यक्रमहरू सञ्चालन यसै कार्यक्रमअन्तर्गत गरिने बजेटमा उल्लेख छ । 'स्थानीय तहमार्फत घाँसे बालीको बीउ उत्पादनका कार्यक्रम सञ्चालन गरिनेछ । पशु आहारको गुणस्तर मापन तथा मूल्य नियमनलाई प्रभावकारी बनाइनेछ,' बजेटमा भनिएको छ । यसैगरी बजेटले गरिबसँग विश्वेश्वर कार्यक्रमलाई निरन्तरता दिएको छ । यसअघि एमाले र माओवादी सरकारले यस कार्यक्रमलाई निष्प्रभावी बनाएको थियो ।

### रैथानेमा गर्व गरौं

सरकारले ल्याएको अर्को लोकप्रिय नारा हो- रैथानेमा गर्व गरौं । परम्परागत र प्राकृतिक तथा पोषणयुक्त रैथाने खाद्यान्न बालीको बिऊ संरक्षण गरी खेती विस्तार गर्न यो नारा अघि सारिएको बताइएको छ । 'जुम्लाको मार्सी धान, पाल्पा र सल्यानको अदुवा, गुल्मीको कफी, मुस्ताङको आलुलगायतका उत्पादनको ब्राण्डिङ गरी उत्पादन र बजारीकरणमा सहयोग गरिनेछ,' बजेटमा भनिएको छ, 'कर्णाली प्रदेशलगायत विभिन्न स्थानका मार्सी, कागुनो, कोदो, फापर, जौ, लट्टे, सिमीलगायतका रैथाने बालीको उत्पादन खाद्य तथा व्यापार कम्पनीमार्फत खरिद गरिनेछ ।'

### उत्पादन र रोजगार, समृद्धिको आधार

बजेटमा उत्पादन र रोजगारस् समृद्धिको आधार को नारालाई पनि अघि सारिएको छ । औद्योगिकीकरणको गतिलाई तीव्रता दिन यो नारा अघि सारिएको बताइएको छ । 'औद्योगिक प्रवर्द्धन, पूर्वाधार एवं मानव संसाधन विकास र असल औद्योगिक सम्बन्ध कायम गरी उत्पादन र उत्पादकत्व वृद्धि गरिनेछ,' बजेटमा भनिएको छ, 'उद्योग क्षेत्रमा स्वदेशी तथा विदेशी पुँजी र प्रविधि आकर्षण गरिनेछ ।'

### श्रमको सम्मान, राष्ट्रको अभियान

देशमै श्रमको सम्मान गर्न श्रमको सम्मान राष्ट्रको अभियान भन्ने नारा अघि सारिएको छ । मर्यादित रोजगारीका अवसर सिर्जना गर्न जोड दिइने यस कार्यक्रममा उल्लेख छ । 'असल श्रम सम्बन्ध स्थापना गरी श्रमिकको हकहितको सुरक्षा गर्नुका साथै उत्पादकत्व अभिवृद्धि गरिनेछ,' बजेटमा भनिएको छ, 'वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाइनेछ ।'

### अबको जीवन स्वदेशमा नै

अर्थमन्त्री महतले बजेटमा अबको जीवन स्वदेशमा नै भन्ने नारालाई पनि समेटेका छन् । वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिलाई उद्यमशीलता विकास गर्ने र रोजगारीमा आबद्ध गर्ने गरी यो कार्यक्रम सञ्चालन गरिने बजेटमा उल्लेख छ । 'गरिबीको रेखामुनि रहेका र वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिलाई लघु उद्यमीको रूपमा विकास गर्न स्थानीय तह मार्फत सीप विकास तालिम र व्यावसायिक परामर्श सेवा सञ्चालन गरिनेछ,' बजेटमा भनिएको छ ।

### नेपाल घुमौ, नेपाल चिनौं

पूर्ववर्ती सरकारले नेपाल भ्रमण वर्ष बनाएकोमा यसपटक सरकारले नेपालीलाई नेपालमै घुम्न प्रेरित गर्ने खालको कार्यक्रम ल्याएको छ । नेपालको प्राकृतिक, धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदालगायत पर्यटकीय स्थल र सेवाको अन्तर्राष्ट्रियस्तरमा सघन प्रचारप्रसार गर्न यो कार्यक्रम अघि सारिएको बताइएको छ । सरकारले सन् २०२३-३२ लाई पर्यटन दशकका रूपमा मनाइने जनाएको छ । यसका लागि 'अतिथि देवो भवः' भन्ने नेपाली संस्कृतिअनुरूप पर्यटकीय सेवाको गुणस्तरमा सुधार गर्ने बजेटमा उल्लेख छ । सन् २०२३ मा नेपाल भ्रमण गर्ने विदेशी पर्यटकको संख्या १० लाख पुऱ्याइने बजेटमा उल्लेख छ ।

यसमा आन्तरिक पर्यटन प्रवर्द्धन गर्न 'नेपाल घुमौं, नेपाल चिनौं' भन्ने नारासहित अभियान सञ्चालन गरिने बजेटमा उल्लेख छ । यसका लागि स्थानीय जात्रा, संस्कृति, पर्व तथा पर्यटकीय गन्तव्यको प्रचारप्रसार गरिने र अन्तरप्रदेश हवाई सेवा विस्तार गर्न प्रोत्साहित गरिने बजेटमा उल्लेख छ ।

### गुणस्तरीय स्वास्थ्य उपचार : जनताको अधिकार

स्वस्थका लागि सरकारले गुणस्तरीय स्वास्थ्य उपचारस् जनताको अधिकार नारालाई अघि सारेको छ । आधार भूत स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउनेसमेत बजेटमा उल्लेख छ । 'विशिष्टीकृत स्वास्थ्य सेवामा नागरिकको पहुँच बढाइनेछ,' बजेटमा भनिएको छ, 'स्वास्थ्य शिक्षा र जनचेतनाको माध्यमबाट नागरिकको स्वस्थ जीवनशैली प्रवर्द्धन गरिनेछ ।'

यसैगरी सरकारी अस्पतालमा काम गर्ने चिकित्सक तथा स्वास्थ्यकर्मीलाई प्रोत्साहित गर्न सबै संघीय अस्पतालमा 'एक चिकित्सकर स्वास्थ्यकर्मी- एक स्वास्थ्य संस्था' कार्यक्रम सञ्चालन गर्न २४ करोड विनियोजन गरिएको छ ।

### कोखदेखि शोकसम्म

अर्थमन्त्री महतले लोककल्याणकारी राज्यको उद्देश्य प्राप्तिका लागि कोखदेखि शोकसम्म सामाजिक सुरक्षा भन्ने नारालाई पनि बजेटमा समेटेका छन् । गर्भावस्थादेखि मृत्यु संस्कारसम्म जीवन चक्रका सबै चरणमा सामाजिक सुरक्षा प्रत्याभूत गरिने बजेटमा उल्लेख छ । 'शिक्षा, स्वास्थ्य, प्राविधिक सीप, रोजगारीको अवसर र वृद्ध अवस्थामा गरिने संरक्षण समेत समेटी सामाजिक सुरक्षाको दायरा फराकिलो बनाउदै लगिनेछ,' बजेटमा भनिएको छ । चालु आर्थिक वर्षबाट ६८ वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकलाई प्रदान गरिँदै आएको मासिक चार हजार रूपैयाँ भत्तालाई निरन्तरता दिइएको छ ।

### बागमती नदीको शान, सभ्यताको उत्थान

बागमती नदी सफाइका लागि सरकारले 'बाग्मती नदीको शान, सभ्यताको उत्थान' भन्ने नारालाई पनि बजेटमा समेटेको छ । बाग्मती नदी सफाइ अभियानलाई निरन्तरता दिइने यस कार्यक्रममा उल्लेख छ । काठमाडौं उपत्यकाको जलाधार संरक्षण एवं सुख्खा याममा समेत वागमती नदीमा पानीको न्यूनतम बहाव सुनिश्चित गर्न शिवपुरी राष्ट्रिय निकुञ्ज क्षेत्रमा नागमती ड्यामको निर्माण कार्य शुरु गर्नेसमेत बजेटमा उल्लेख छ ।

### सिँचाइमा लगानी, खेतबारीमा पानी

सरकारले सिँचाइमा लगानी, खेतबारीमा पानी भन्ने नाराका साथ कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धिका लागि दिगो र भरपर्दो सिँचाइ सुविधा उपलब्ध गराउन ठूला, जलाशययुक्त र जलपथान्तरण गर्ने बहुउद्देश्यीय आयोजना निर्माणलाई जोड दिइने जनाएको छ । बजेटमा कृषियोग्य भूमिमा वर्षैभरि भरपर्दो सिँचाइ उपलब्ध गराउन सतह, भूमिगत र नयाँ प्रविधिको सिँचाइ प्रणाली विकासलाई प्राथमिकतामा राखी आयोजना छनोट गरेको उल्लेख गरिएको छ ।

### आधुनिक जीवनको आधार : सूचना प्रविधि र सञ्चार

बजेटमा सूचना प्रविधिको नारालाई पनि छुटाएका छैनन् अर्थमन्त्री महतले । 'आधुनिक जीवनको आधार : सूचना प्रविधि र सञ्चार'को मान्यतालाई आत्मसात् गर्दै नागरिकका लागि सूचना प्रविधिको प्रयोगलाई सरल, सहज र पहुँचयोग्य बनाइने बजेटमा उल्लेख छ । नागरिकको सुसूचित हुने हक सुनिश्चित गर्दै पूर्ण प्रेस स्वतन्त्रताको प्रत्याभूति गरिने बजेटमा उल्लेख गरिएको छ ।

### हरित अर्थतन्त्र : दिगो विकासको मन्त्र

यसैगरी अर्थमन्त्री महतले हरित अर्थतन्त्र : दिगो विकासको मन्त्र नारालाई पनि अघि सारेका छन् । आयोजना कार्यान्वयनका हरेक चरणमा वातावरण संरक्षण र जलवायु परिवर्तन अनुकुलन तथा न्यूनीकरणका क्रियाकलापलाई मूलप्रवाहीकरण गरिने बजेटमा उल्लेख छ । विपद् व्यवस्थापनका कार्यक्रमलाई एकीकृत गरी जोखिम न्यूनीकरण तथा रोकथामका उपाय अवलम्बन गरिने बजेटमा उल्लेख गरिएको छ ।

### जग्गा प्रशासनमा सुशासन

सरकारले जग्गा प्रशासनमा सुशासन भन्ने नारालाई पनि अघि सारेको छ । जग्गा प्रशासनसम्बन्धी कामलाई सूचना प्रविधिमा आधारित वनाउन र आगामी आर्थिक वर्ष सबै नापी, भूमिसुधार तथा मालपोत कार्यालयमा भू-सूचना प्रविधिमा आधारित अनलाइन सेवा प्रणाली कार्यान्वयनमा ल्याइन यो कार्यक्रम अघि सारिएको जनाइएको छ । 'सेवाग्राहीले विद्युतीय माध्यमबाट ट्रेस नक्सा, दृष्टिबन्धक, रोक्का लगायतका सेवा लिनसक्ने व्यवस्था मिलाइनेछ,' बजेटमा उल्लेख गरिएको छ ।

## १७ खर्ब...

पृष्ठ १ बाट जारी

आएको प्रोत्साहन र अतिरिक्त भत्ता खारेज हुने भएको छ । अर्थमन्त्री महतले बजेटमार्फत भत्ता कटौती गर्ने जानकारी दिएका हुन् ।

उनले सार्वजनिक खर्च पुनरावलोकन आयोग, २०७५ ले दिएका सुझावबमोजिम २० वटा संस्थाहरूलाई खारेज गर्ने घोषणा गरे । साथै, समान प्रकृतिका संस्था एकापसमा गाभिने र प्रदेशमा समायोजन गरिने पनि उनले बताए ।

अर्थमन्त्री महतले सार्वजनिक खरिदलाई सरलीकृत गर्ने, विद्युतीय बोलपत्रलाई प्राथमिकता दिइने र एकीकृत अनुगमन प्रणालीलाई प्रभावकारी बनाइने उल्लेख गरे ।

### स्वास्थ्यको बजेट १४ अर्बले बढ्यो

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको बजेट १४ अर्ब रूपैयाँले बढेको छ । अर्थमन्त्री डा. महतले स्वास्थ्य मन्त्रालयतर्फ ८३ अर्ब ९९ करोड रूपैयाँ विनियोजन गरिएको बताए । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका लागि चालु आवमा ६९ अर्ब ३८ करोड बजेट विनियोजन गरिएको थियो । प्रदेशतर्फ छ अर्ब २६ करोड र स्थानीय तहमा २७ अर्ब ४४ करोड रूपैयाँ हस्तान्तरण गरिएको थियो ।

गत वर्षसम्म कोभिडका कारण स्वास्थ्य मन्त्रालयको बजेट ह्वात्तै बढाइएको थियो । स्वास्थ्य क्षेत्रलाई स्थानीयस्तरमै भरपर्दो बनाउने उद्देश्यले स्वास्थ्यतर्फको बजेट बढाएको अर्थमन्त्री डा. महतले बताए ।

## कुन मन्त्रालयलाई...

पृष्ठ १ बाट जारी

वन तथा वातावरण मन्त्रालयका लागि १५ अर्ब ५५ करोड ८७ लाख, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका लागि सात अर्ब २४ करोड ६६ लाख, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका लागि एक खर्ब ३४ अर्ब ३९ करोड ९६ लाख, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका लागि रु एक अर्ब ५७ करोड ६२ लाख, युवा तथा खेलकुद मन्त्रालयका लागि दुई अर्ब ८७ करोड ५९ लाख बजेट विनियोजन गरिएको छ ।

त्यस्तै रक्षा मन्त्रालयका लागि ५८ अर्ब ८४ करोड ४६ लाख, सहरी विकास मन्त्रालयका लागि ६६ अर्ब १७ करोड ५५ लाख, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका लागि एक खर्ब ९७ अर्ब २९ करोड ५५ लाख, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका लागि आठ अर्ब ७१ करोड ६७ लाख, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका लागि नौ अर्ब ९६ करोड ६२ लाख, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका लागि ८३ अर्ब ९९ करोड १८ लाख, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका लागि आठ अर्ब आठ करोड २७ लाख बजेट विनियोजन गरिएको छ ।


नेपाल सरकार
**भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भुमि व्यवस्थापन तथा अभिलेख विभाग**
**भुमि सुधार तथा मालपोत कार्यालय**
सर्लाही, मलगंवा
**मोही फाँट**

**३५ दिने सार्वजनिक सूचना**

**जिल्ला सर्लाही साबिक गा.वि.स. हजरिया वडा नं. २ हाल बरहथवा न. पा. वडा नं. २ मा बस्ने कुल बहादुर श्रेष्ठलाई हक दावी गर्न आउने बारेको सूचना ।**

उपरोक्त सम्बन्धमा जि. स. सिन्धुली गा.वि.स. वितिजोर वडा नं. ९ हाल जिल्ला सर्लाही बरहथवा गा.पा./न.पा.वडा न २ मा बस्ने बाबुकाजीको श्रीमती गीता कार्की (खड्का) नाउँमा दर्ता कायम रहेको जि.स.गा.वि.स हजरिया वडा नं. ५ कि.नं. ४० को ज.वि. ०-१-१० जग्गाको मोही महलमा रहेको कुल बहादुर श्रेष्ठको नामका भगुवा/मरुवा/जग्गा नजोतेको मोही लगत कट्टा गरी पाउँ भन्ने निवेदनमा मिति २०८०/०२/०५ को आदेश बमोजिम यो सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम **मोही लगत कट्टा** तर्फको कारवाही भै जाने यसै सूचनाद्वारा जानकारी गराइन्छ । पछि तपाईको उजुर बाजुर लाग्ने छैन ।

नेपाल सरकार
**भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भुमि व्यवस्थापन तथा अभिलेख विभाग**
**भुमि सुधार तथा मालपोत कार्यालय**
सर्लाही, मलगंवा
**मोही फाँट**

**३५ दिने सार्वजनिक सूचना**

**जिल्ला सर्लाही साबिक गा.वि.स. हजरिया वडा नं. २ हाल बरहथवा न. पा. वडा नं. २ मा बस्ने कालु आले मगरलाई हक दावी गर्न आउने बारेको सूचना ।**

उपरोक्त सम्बन्धमा जि. स. सिन्धुली गा.वि.स. वितिजोर वडा नं. ९ हाल जिल्ला सर्लाही बरहथवा गा.पा./न.पा.वडा न २ मा बस्ने बाबुकाजीको श्रीमती गीता कार्की (खड्का) नाउँमा दर्ता कायम रहेको जि.स.गा.वि.स हजरिया वडा नं. ५ कि.नं. ३८ को ज.वि. ०-१-१० जग्गाको मोही महलमा रहेको बस्ने कालु आले मगरको नामका भगुवा/मरुवा/जग्गा नजोतेको मोही लगत कट्टा गरी पाउँ भन्ने निवेदनमा मिति २०८०/०२/०५ को आदेश बमोजिम यो सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम **मोही लगत कट्टा** तर्फको कारवाही भै जाने यसै सूचनाद्वारा जानकारी गराइन्छ । पछि तपाईको उजुर बाजुर लाग्ने छैन ।

नेपाल सरकार
**भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भुमि व्यवस्थापन तथा अभिलेख विभाग**
**भुमि सुधार तथा मालपोत कार्यालय**
सर्लाही, मलगंवा
**मोही फाँट**

**३५ दिने सार्वजनिक सूचना**

**जिल्ला सर्लाही साबिक गा.वि.स. हजरिया वडा नं. २ हाल बरहथवा न. पा. वडा नं. २ मा बस्ने कर्ण बहादुर पूर्वसाने मगर (खपाङ्गी) लाई हक दावी गर्न आउने बारेको सूचना ।**

उपरोक्त सम्बन्धमा जि. स. उदपयपुर गा.वि.स. हडिया वडा नं. ६ हाल जिल्ला सर्लाही बरहथवा गा.पा./न.पा.वडा न २ मा बस्ने यम बहादुर खड्काको श्रीमती प्रतिभा खड्का नाउँमा दर्ता कायम रहेको जि.स.गा.वि.स हजरिया वडा नं. ५ कि.नं. ३४ को ज.वि. ०-१-१० जग्गाको मोही महलमा रहेको कर्णबहादुर पूर्वसाने मगर (खपाङ्गी)को नामका भगुवा/मरुवा/जग्गा नजोतेको मोही लगत कट्टा गरी पाउँ भन्ने निवेदनमा मिति २०८०/०२/०५ को आदेश बमोजिम यो सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम **मोही लगत कट्टा** तर्फको कारवाही भै जाने यसै सूचनाद्वारा जानकारी गराइन्छ । पछि तपाईको उजुर बाजुर लाग्ने छैन ।

नेपाल सरकार
**भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भुमि व्यवस्थापन तथा अभिलेख विभाग**
**भुमि सुधार तथा मालपोत कार्यालय**
सर्लाही, मलगंवा
**मोही फाँट**

**३५ दिने सार्वजनिक सूचना**

**जिल्ला सर्लाही साबिक गा.वि.स. हजरिया वडा नं. २ हाल बरहथवा न. पा. वडा नं. २ मा बस्ने फुल बाडी दासलाई हक दावी गर्न आउने बारेको सूचना ।**

उपरोक्त सम्बन्धमा जि. स. सिन्धुली गा.वि.स. वितिजोर वडा नं. ९ हाल जिल्ला सर्लाही बरहथवा गा.पा./न.पा.वडा न २ मा बस्ने बाबुकाजीको श्रीमती गीता कार्की (खड्का) नाउँमा दर्ता कायम रहेको जि.स.गा.वि.स हजरिया वडा नं. ५ कि.नं. ३७ को ज.वि. ०-०-१० जग्गाको मोही महलमा रहेको फुल बाडी दासको नामका भगुवा/मरुवा/जग्गा नजोतेको मोही लगत कट्टा गरी पाउँ भन्ने निवेदनमा मिति २०८०/०२/०५ को आदेश बमोजिम यो सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम **मोही लगत कट्टा** तर्फको कारवाही भै जाने यसै सूचनाद्वारा जानकारी गराइन्छ । पछि तपाईको उजुर बाजुर लाग्ने छैन ।

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : **HALUL AL MUSAKIN TRADING WORKSHOP**

पूर्व स्वीकृति मिति: २०८०/०२/१५ LT. No. 286791 चलानी नं. ६०२०१००५

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Wooden frame carpenter | 2 | 0 | 1200 | ४२,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ २४/२५/२६ गते (7/8/9th June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**JERRY MANAGEMENT SYSTEM Pvt. Ltd.** Govt. License 1031/068/69
P.O.Box: 12235, Dhobhighat-4, Lalitpur. Tel: +977-1-5153487, Fax: 01-5524634
Web : www.jerryms.com, Email: jerryms03@gmail.com

प्रभाव दैनिक
National Daily
सम्पादकीय

# बजेटमा सांसद विकास कोष र लोकप्रिय नारा

अमेरिकामा अर्थशास्त्र पढेर विद्यावारिधी गरेका डाक्टर अर्थमन्त्री प्रकाशशरण महत अक्सर भन्ने गर्थे– ऋण काढेर घिउ खान हुन्न । तर, उनको पहिलो बजेटको कार्यक्रम हेर्दा उनी ऋणै काढेर घिउ खान तम्सिएका देखिन्छन् । बजेटमा उनले विभिन्न लोकप्रिय नाराहरू समेटेका छन् । संसद विकास कोषजस्तो चौतर्फी आलोचनामा परेको विषय सम्बोधन गरेर महत फेरि आलोचनाको घेरामा परेका छन् ।

देश संघीयता गएपछि माओवादीले संसद विकास कोषको विरोध गरेको थियो । त्यसपछि विष्णु पौडेल अर्थमन्त्री हुँदा यो कोष खारेज भयो । तर कांग्रेसका अर्थमन्त्रीले भने यसलाई ब्यूँताएको छ । संघीय सांसदलाई शक्तिशाली देखाउन र आफ्नो क्षेत्रमा विकासका लागि भन्दै बजेटमा पाँच करोड छुट्याउने प्रस्ताव गरिएको छ । यो मतदाता प्रभावित पार्ने रकम हो । कुनै योजना परिकल्पना बनाउन नसक्ने सांसदहरूका लागि कार्यकर्ताले मागेअनुसारका विकास गर्न र विकासको नाममा कनिका छर्न यो बजेट पर्याप्त नै हुन्छ । तर यो सरकारले सांसदहरूलाई खुसी पार्न संसद विकास कोष ब्यूँताएको छ ।

यसो त सरकारले देशमै केही गरिखाने वातावरण बनाउने खालका लोकप्रिय नाराहरू पनि यो बजेटमा समेटिएका छन् ।

'आत्मनिर्भर अर्थतन्त्रको आधार : स्वदेशमै उत्पादन र रोजगार' जस्तो नारा पनि बजेटमा छ । यसैगरी 'मेक इन नेपाल, मेड इन नेपाल' नारालाई निरन्तरता दिने भएको छ । उत्पादन बढाउन अनुदानसमेत दिने सरकारले बजेटमा उल्लेख गरेको छ । यसका लागि 'उत्पादन साथमा, अनुदान हातमा' नारा अघि सारिएको छ । यसैगरी खेतीवारीमा प्राविधिक सेवा पुऱ्याउने नारा पनि सरकारले अघि सारेको छ । 'खेतबारीमा प्राविधिक सेवा, उत्पादनमा टेवा' भन्ने नारा अघि बढाउने सरकारले जनायो । पशुजन्य उत्पादन बढाउन 'पोषणयुक्त घाँसेवालीको विकास गरौं, पशुजन्य उत्पादन बढाऔं' नारा पनि अघि सारिएको छ । यसैगरी बजेटमा सरकारले ल्याएको अर्को लोकप्रिय नारा हो – रैथानेमा गर्व गरौं । बजेटमा उत्पादन र रोजगार, समृद्धिको आधार नारासमेत समेटिएको छ । त्यसैगरी देशमै श्रमको सम्मान गर्न श्रमको सम्मान राष्ट्रको अभियान भन्ने नारा अघि सारिएको छ ।

अर्थमन्त्री महतले बजेटमा 'अबको जीवन स्वदेशमा नै' भन्ने नारालाई पनि समेटेका छन् । यसैगरी पर्यटन प्रवर्द्धनका लागि बजेटमा नेपाल घुमौं, नेपाल चिनौं नारा अघि सारिएको छ । स्वस्थका लागि सरकारले 'गुणस्तरीय स्वास्थ्य उपचार : जनताको अधिकार' नारालाई अघि सारेको छ । त्यसैगरी सरकारले कोखदेखि शोकसम्म नारा पनि अघि सारेको छ । यसैगरी बाग्मती नदी सफाइ निरन्तरताका लागि बाग्मती नदीको शान, सभ्यताको उत्थान नारा अघि सारिएको छ । यो बजेटको अर्को नारा हो – सिँचाइमा लगानी, खेतबारीमा पानी । सरकारले सिँचाइमा लगानी, खेतबारीमा पानी भन्ने नारा पनि समेटेको छ । यसैगरी आधुनिक जीवनको आधार : सूचना प्रविधि र सञ्चार बजेटमा समेटिएको अर्को नारा हो । हरित अर्थतन्त्र : दिगो विकासको मन्त्र, जग्गा प्रशासनमा सुशासनजस्ता नारा पनि बजेटमा समेटिएका छन् ।

## मनन्योग्य

### चाणक्य नीति

त्यहाँ राक्षसजस्तो बुद्धिमान् महामात्य छ, वीरताले मुक्त विशाल सेना छ, तर कसैले पनि पत्यार गर्दैनन्, किन कि नन्दको हातमा मगध सुरक्षित आम्भीजस्तै बनेर नन्दले पनि सिकन्दरको दासता स्वीकार गऱ्यो भने के होला ? यस्तो विचार गर्दै विष्णुगुप्तको मुख रातो-रातो भयो र मुखबाट एक्कासी 'अहँ अहँ चाणक्यले यस्तो हुन दिदैन' भन्ने बोली निस्कियो' मातृभूमिको रक्षार्थ सम्पूर्ण ज्ञान र प्राण पनि बलिदान गर्नेछ ।'

म पहिले राजा पुरुलाई भेटेर मात्र पाइला चाल्छु । कैकेय देशलाई सतर्क पार्नुपर्छ सिकन्दर अगाडि नबढोस्, चाणक्यले यसरी युक्ति सोचे । यस्तैमा पुनः यात्रा आरम्भ भयो । चाणक्यको पहिलो यात्रा र अहिलेको यात्रामा अन्तर थियो । पहिले निराश्रित, अहिलेको ४५ वर्षे अनुभव प्राप्त लौहपुरुष सिकन्दरलाई र महानन्दजस्ता क्रूर राजालाई जित्न असम्भव लाग्दैनथ्यो । उनीसँग सामार्थ्य, ज्ञान, मातृभूमिको अमिट प्रेम छ र अनि छ एउटा सँगठित भारतवर्ष बनाउने आकांक्षा थियो ।

एउटा ठूलो उद्देश्यमा समर्पित विष्णुगुप्तले राजा पुरुको कैकेय देश नन्द प्रवेश गरी उनीसँग भेट गरे । राजाले विष्णुगुप्तको चर्चा सुनेका थिए । विष्णुगुप्तका स्वागत गरे ।' मैले बुझिसकेको थिए सिकन्दरको अबको लक्ष्य कैकेयमा पर्छ पुरुने विश्वास दिलाए, पञ्चनदका बालक मातृभूमिका लागि आफ्नो प्राण अर्पण गर्न तत्पर छन् विष्णुगुप्तले धेरै कूटनीतिक र सामरिक महत्त्वका तौरतरिकाका कुराहरू पुरुलाई बताएर आफू अगाडि बढे ।

पुरुसँग आम्भी रिस गर्थे । सिकन्दर सिन्धु नदी पार गरी लक्षशीलामा पस्यो । आम्भीले सिकन्दरसँग सन्धि गरेको थियो । पुरुले आफ्नो सेनालाई बलियो सशक्त पार्न थालिसकेका थिए भने आफ्ना गुप्तचरहरूलाई पनि चारैतिर फैलाएका थिए ।

पुरुको राज्य झेलन र चिनारको बीचमा पर्दथ्यो । उनले आफ्नो राज्यमा सिकन्दरका सेना प्रवेश गर्न नसकुन् भनी पूरा बन्दोवस्त गरेका थिए । पुरुको यस व्यवस्थाले अहिलेसम्म सिकन्दर त्यहाँ प्रवेश गर्न सकेको थिएन । क्रमशः

# प्रधानमन्त्रीको आसन्न भारत भ्रमणमा नेपालले उठाउनुपर्ने विषय



श्रीराम श्रेष्ठ

नेपाल-भारतबीच देखिँदै आएको सीमा समस्याको दीर्घकालीन समाधान तथा भारतले अतिक्रमण गरेका नेपाली भू-भाग फिर्ता ल्याउन सक्नुपर्छ । यति गर्न सके भ्रमण साँच्चिकै ऐतिहासिक बन्नेछ । केही वर्षदेखि विवाद र चर्चामा आएको लिपुलेक र लिम्पियाधुरा क्षेत्र नेपालले चुच्चे नक्सामा समेटेको छ । उक्त भूभाग फिर्ता ल्याउन सके प्रधानमन्त्रीको भ्रमण ऐतिहासिक बन्न सक्नेछ ।

प्रधानमन्त्री पुष्पकमल दाहालको भारत भ्रमणको कार्यक्रम तालिका सार्वजनिक भएको छ । प्रधानमन्त्री दाहालले जेठ १७ गतेदेखि २० गतेसम्म छिमेकी देश भारतको औपचारिक भ्रमण गर्ने छन् । कार्यतालिका अनुसार प्रधानमन्त्रीले जेठ १८ गते भारतीय समकक्षी नरेन्द्र मोदी नेतृत्वको प्रतिनिधिमण्डलसँग हैदरावाद हाउसमा वार्ता गर्ने र त्यसपछि दाहाल र मोदीले संयुक्तरूपमा पत्रकार सम्मेलन गर्ने छन् । सम्मेलन सकिएपछि भारतीय प्रधानमन्त्री मोदीले प्रधानमन्त्री दाहाल र उनको प्रतिनिधिमण्डलको सम्मानमा दिवाभोजको आयोजना गर्ने छन् । भारतीय राष्ट्रपति द्रोपदी मुर्मु, उपराष्ट्रपति जनदीप धनखरसँग पनि भेटवार्ताको कार्यक्रम छ ।

प्रधानमन्त्री दाहालले नेपाल उद्योग वाणिज्य महासंघ र भारतीय उद्योग परिसंघले संयुक्तरूपमा आयोजना गरेको नेपाल-भारत व्यापार शिखर सम्मेलनलाई सम्बोधन गर्ने कार्यतालिका छ । भ्रमणकै क्रममा भारतको मध्य प्रदेशको उज्जैन र इन्दोरको पनि भ्रमण गर्ने तथा भारतका लागि नेपाली राजदूत शंकरप्रसाद शर्माले आयोजना गरेको स्वागत समारोहमा भारतमा रहेका नेपाली समुदायसँग पनि कुराकानी गर्ने छन् । यसपालिको भ्रमणले नयाँ इतिहास रच्ने र केही नयाँ चिज लिएर आउने दाबी प्रधानमन्त्रीले गर्दै आएका छन् । जेठ १५ गते संसदमा बजेट पेस गरेलगत्तै दाहालले भारत भ्रमण गर्नेगरी परराष्ट्र मन्त्रालयले तयारी पूरा गरेको छ । प्रधानमन्त्री भएलगत्तै भारत भ्रमणको चाहना देखाएका दाहालले यसपटकको भ्रमण विगतको भन्दा फरक र ऐतिहासिक हुने बताइरहेका छन् । यो औपचारिक भ्रमण तालिका भए पनि भारत भ्रमणसँग जोडिएका सामरिक महत्त्व र दुई देशबीच हुने सम्झौता के कस्तो होला ? के के एजेण्डा हुन्छन् ? नेपालको हितमा कस्तो एजेण्डा लिएर भारत जानु उचित हुन्छ वा हुनुपर्छ भन्ने जनचासो र राजनीतिक वृत्तमा ठूलै चार्चा हुने गरेको छ ।

पुष्पकमल दाहाल दाहालले तेस्रोपटक प्रधानमन्त्री भएपछि पहिलो विदेश भ्रमण भारतबाटै गर्ने भन्दै अन्य भ्रमणलाई पन्छाउँदै आइरहेका थिए । दाहाल प्रधानमन्त्री भएको पाँच महिना पुग्नै लाग्दा भारत भ्रमणको चर्चा पटक-पटक नभएको पनि होइन । यस पटकको भ्रमणमा जलविद्युत्



आयोजना, ट्रान्समिसनलाइन विस्तार, पारवहन, हवाई उड्डयनलगायतका विषयलाई प्राथमिकता राखेर एजेन्डा तय गरिएको छ । दुई मुलुकबीचका सीमा समस्या समाधान गर्ने विषयलाई पनि भ्रमणको प्राथमिकतामा राख्ने तयारी छ । भ्रमण अगावै प्रधानमन्त्रीले ऐतिहासिक र उपलब्धिमूलक हुने दाबी गर्दै आएको भ्रमण साँच्चिकै महत्त्वपूर्ण बनाउने हो भने नेपालले केही विषयलाई गम्भीरताका साथ उठाउन आवश्यक देखिन्छ । नेपाल-भारतबीच देखिँदै आएको सीमा समस्याको दीर्घकालीन समाधान तथा भारतले अतिक्रमण गरेका नेपाली भू-भाग फिर्ता ल्याउन सक्नुपर्छ । यति गर्न सके भ्रमण साँच्चिकै ऐतिहासिक बन्नेछ । केही वर्षदेखि विवाद र चर्चामा आएको लिपुलेक र लिम्पियाधुरा क्षेत्र नेपालले चुच्चे नक्सामा समेटेको छ । उक्त भूभाग फिर्ता ल्याउन सके प्रधानमन्त्रीको भ्रमण ऐतिहासिक बन्न सक्नेछ ।

तत्कालीन प्रधानमन्त्री केपी ओलीको समयमा गुमेको लिपुलेक र लिम्पियाधुरा क्षेत्रलाई समेटेर नेपालको नक्सा सार्वजनिक गरिएको थियो । तर, उक्त क्षेत्रको भाग नेपालले भोगचलन गर्न सकेको छैन । यसपालिको जनगणनामा पनि सरकार त्यस क्षेत्रमा प्रवेश गर्न सकेन । यो विषय अब नेपालको सार्वभौकिता, सम्प्रभुता र जनताको भावनासँग जोडिएको विषय बनिसकेको छ । लामो समयदेखि भारतले हडपेर राखेको भूभाग नेपालले फिर्ता ल्याउन सक्नुपर्छ । यस विषयमा प्रधानमन्त्रीले कसरी कुरा उठउने छन् भनेर जनताले हेरिरहेका छन् ।

नेपाल र भारतबीच विभिन्न समयमा भएको विद्युत् व्यापार सम्झौता पूर्णरूपमा कार्यान्वयनमा आएको छैन । यसलाई पूर्णकार्यान्वयनको दिशामा लैजान पहल गर्नुपर्नेछ । यसैगरी नेपाल-भारतबीच रहेका समस्या समाधान गर्न सन् २०१६ मा गठन भएर २०१८ मा तयार भएको प्रबुद्ध समूह, इपिजीको प्रतिवेदन भारतले बुझेको छैन भनिएको छ । यस्ता विषयमा भारतलाई सहमत गराउन आवश्यक छ । यसैगरी भारतसँग हुँदै आएको झण्डै १५ खर्ब बराबरको व्यापार घाटा कसरी कम गराउने भन्ने चुनौती नेपालका सामू छ । यो सँगसँगै निर्माण सम्पन्न भएको गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको हवाई रुट उपलब्ध गराउने विषय पनि चुनौती बनेको छ । यस विषयमा भारतीय पक्षलाई कसरी मनाउन सकिन्छ र नेपालको हितमा काम हुनसक्छ भन्ने प्रधानमन्त्रीका सामू चुनौती कै विषय हो । भारतको रक्सोलदेखि काठमाडौंसम्मको विद्युतीय रेलमार्ग अघि बढाउने र सीमापार आतंकवाद नियन्त्रण गर्नेजस्ता विषय पनि दूरगामी महत्त्वका विषय हुन् ।

भारतमा गरिएको नोटबन्दीका कारणले नेपालमा थुप्रिएका भारतीय रूपैयाँ सटहीको विषय थाती रहेको अर्को विषय हो । नेपाली उत्पादनलाई विभिन्न नाममा दिइने निर्यातमा सास्तीहरू कम गर्ने व्यापार घाटा न्यूनीकरण गर्ने विषयमा छलफल, नेपाल सार्कको अध्यक्षको हैसियतमा यसको सम्मेलन गर्ने कि नगर्ने, नगर्ने भए सार्कलाई आउँदो दिनमा के गर्ने भन्ने विमर्श, भारत र भारतीय कम्पनीले ओगटेर राखेका जलविद्युत् आयोजनाबारे निष्कर्ष निकाल्नेगरी पहल गर्न वार्तामा समावेश गर्नैपर्ने विषयहरू हुन् ।

आपसी हितका सम्भावना पहिल्याउने र कर्मचारीतन्त्रमा खुम्चिएको नेपाल-भारत सम्बन्धलाई फराकिलो बनाउँदै राजनीतिक र नागरिक तहमा विस्तार गर्ने प्रयास हुनु जरुरी भइसकेको छ । खाद्यपदार्थको आयात निर्यात गर्दा गुणस्तर मापनको प्रबन्ध मिलाउने, जलवायु परिवर्तनमा द्विपक्षीय साझेदारी गर्नेलगायतका यावत विषयहरूमा प्रधानमन्त्रीको भ्रमणमा समकक्षीसित गहिरो गरी छलफल गर्न सकेमामात्र प्रधानमन्त्रीले भनेको जस्तो भारत भ्रमण उपलब्धिपूर्ण हुनसक्छ ।

नेपाल सार्कको अध्यक्ष राष्ट्र हो । पछिल्लो समय दक्षिण एसियामा देखिएको भूराजनीतिक टकराव र प्रतिस्पर्धाले क्षेत्रीय तहमा हुने प्रभाव र दुई देशबीचको इतिहासदेखिको सम्बन्धमा पार्ने नकारात्मक असर पर्ने विषय साझा विषय हुन् । छिमेकी देशको हरेक कदम अर्को छिमेकीको चासोको विषय हुनु स्वाभाविकै हो । भारत र पाकिस्तान तथा भारत र चीनबीच चिसो सम्बन्धलाई पनि क्षेत्रीय समस्याको रूपमा नेपालले हेर्नुपर्दछ । अर्कोतर्फ रूस र युक्रेनबीच भइरहेको युद्धका कारण विश्वका देशहरूबीच व्यापक र तीव्र ध्रुवीकरण भइरहेको छ । यही क्रममा नेपालले युक्रेनको पक्ष लिएको सन्दर्भमा दुई छिमेकी चीन र भारतले निकै चासोका साथ अवलोकन गरिरहेको देखिन्छ । दुवै छिमेकी तटस्थ र मौन बसिरहेका बेला नेपालले पक्षधरता प्रकट गर्नुलाई असंलग्नताको नीतिमा रहेको संस्थापक देश नेपालको विदेश नीतिमा परिवर्तन आएको हो कि ? भन्ने विश्लेषण पनि गरिएको छ । दुवै छिमेकी देशहरूले यो निर्णयलाई चासोपूर्वक हेरिरहेका छन् । छिमेकी भएको नाताले मात्रै होइन, हाम्रा दुवै छिमेकीले पनि असंलग्न रहन रुचि र दृढता प्रकट गर्दै आएकाले शक्तिराष्ट्रको चेपुवामा पर्दा आफूलाई पर्ने प्रभावबारे सचेततापूर्वक यस्ता भ्रमणहरूमा छलफल गरी देशहितको पक्षमा ल्याउने प्रयास गर्नु पनि महत्त्वपूर्ण हुन्छ । यतिबेला दक्षिण एसियामा विश्व राजनीति केन्द्रित भइरहेकोले उनीहरूको उचित व्यवस्थापन र मानवीय सहयोगका लागि संयुक्त प्रयास गर्न आवश्यक देखिन्छ । शरणार्थी समस्या यस क्षेत्रकै क्षेत्रीय समस्या बन्दै गइरहेको छ । यस्तो अवस्थामा सार्कलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्नेसम्बन्धी तुरुन्तै सार्कस्तरीय छलफल गर्नुपर्ने आवश्यक देखिन्छ । त्यसका लागि अध्यक्षको नाताले दाहालले समकक्षीसित उपयुक्त वार्तालाप पनि गर्नुपर्नेछ ।

नेपाल र भारत सम्बन्धमा थुप्रै अनिर्णित विषयहरू थाती रहँदै आएका छन् । कतिपय अवस्थामा नेपालले आफ्ना रुचि र राष्ट्रिय स्वार्थहरूलाई ठीकसित बेलैमा भारतका समकक्षीलाई बुझाउन नसक्दा अनपेक्षित परिणाम र परिस्थितिहरू नेपालले भोग्नुपरेको छ । त्यसकारण प्रधानमन्त्री दाहालले नेपालको हितका विषय गहनरूपले निर्भीकताका साथ आफ्ना समकक्षीलाई भन्न सक्नुपर्दछ । राजनीतिक दृष्टिकोण र प्राथमिकताका आधारमा परिभाषित र निर्देशित गर्ने कार्यले जनस्तरमा फिँजिएको दुई देशको सम्बन्धमा बेलाबेलामा दरार ल्याउने अत्यधिक प्रयत्न भइरहेका पनि छन् । असमझदारी र असहमतिको दूरी न्यूनीकरण गरी आपसी अन्तरसंवादको वातावरण निर्माण गर्ने अवस्था पनि कमजोर हुँदै गइरहेको छ । दुई देशका समकक्षीबीच सीधै राजनीतिक नेतृत्वको तहमा संवाद गर्नसक्ने परिस्थितिको सिर्जना गर्ने किसिमको वातावरण तयार गर्ने पनि यो भ्रमणलाई अवसरको रूपमा उपयोग गर्नुपर्ने अवस्था छ । फेरि पनि प्रधानमन्त्रीले यसपटकको भ्रमण ऐतिहासिक र अर्थपूर्ण हुने पटक-पटक बताइरहँदा जनताले कालापानी, लिम्पियाधुरा र चुच्चे नक्साको भूभाग नेपालले भोगचलनसहित फिर्ता ल्याउने विषय सार्वभौम प्रतिष्ठाको विषय बनाइरहेका छन् । यो समस्या समाधान गर्न सके साँच्चिकै भ्रमण ऐतिहासिक हुनसक्छ । अन्यथा, सामान्य व्यापार सम्झौता र प्रधानमन्त्री भएपछि पहिलो विदेश भ्रमण भारतबाट गर्ने परम्पराकै निरन्तरतामात्र हुनेछ ।




वैकुण्ठ भण्डारी

# 'गरिबसँग विश्वेश्वर, धनीसँग चोरैचोर'

पिएचडीधारी अर्थमन्त्री प्रकाशशरण महतले अर्को सालका लागि संसद्मा बजेट ल्याए । गरिनेछ, ल्याइने, हुनेछ कुन्नि के-के पनि भने । लाग्दै थियो यो बजेट उनले हजुरबाको सम्पत्ति बेचेर बाँडिरहेका छन् । हुन त विगतदेखि नै अर्थ मन्त्रीहरूले बजेट भाषण गर्दा उनकै अंश काटेर बाँढजस्तो गर्ने चलन भएरै होला ।

जे होस् एकाघरका दुई भाइमध्ये दुवैले देशको ढुकुटीबाट बजेट बाँड्न भाषण गर्ने मौका पाए त्यो पनि ऐतिहासिक कदम नै हो । तर, लोकतान्त्रिक पार्टीका रूपमा रहेको कांग्रेसबाट अर्थमन्त्री महतले नयाँ कुरा भने केही पनि ल्याउन सकेनन् ।

बरु कम्युनिस्टका अर्थमन्त्रीले विष्णु पौडेलले काटेको संसद् विकास कोषका नामबाट सांसदहरूलाई पाँच करोडको ठेकेदार बनाइदिएका छन् । हरेक सांसदले पाँच करोड रूपैयाँको ठेक्का लगाउने मौका महतले दिएका छन् । गरिबसँग विश्वेश्वरसँग कार्यक्रमलाई निरन्तरता दिँदै हटाइसकेको सांसद विकास कोष भन्ने शीर्षकमा सांसदलाई पैसा बाँड्ने र ठेकेदार बनाउनेगरी धनीसँग चोरैचोर जस्तै बनाइदिएका छन् । हुन पनि सांसदहरूलाई ठेकेदार बनाउने प्रचलन प्रजातन्त्र, लोकतन्त्र हुँदै गणतन्त्रसम्म पनि मौलाएको थियो । अर्थमन्त्री विष्णु पौडेल हुँदा बालुवाटारको जग्गाले पुगेछ कि क्या हो, सांसद विकास कोष हटाइदिएका थिए । तर, अहिले फेरि महतले फिर्ता गरेका छन् सांसद विकास कोष । अहिलेसम्मको सांसद विकास कोषको प्रयोग कसरी गरिएको छ भन्ने हेर्ने हो भने सांसद जनप्रतिनिधि नभएर ठेकेदार बनेका छन् । त्यसकारण पनि सांसद विकास कोष भन्ने जिनिस राख्नु नै हुँदैनथ्यो । तर महतले राखिदिए । कसले भनेर राखे त्यसले राज्य कोषको रकम दुरूपयोग कसरी हुन्छ भन्ने थाहा हुँदाहुँदै पनि राखे । नराखुन् पनि किन ? कुनै व्यवसाय नै गरी अर्बपति बन्न सफल भएका अर्थमन्त्रीले सांसद विकास कोष नराखेर कसले राख्छ त ? त्यसका पनि पिएचडी गरेका मान्छे पो हुन् त ?

अरुलेभन्दा फरक काम त गर्ने पऱ्यो नि । बामेले ल्याएको बजेटभन्दा हामेले ल्याएको बजेट ख्वामख्वाम त पार्ने पऱ्यो नि । त्यही भएर विश्वेश्वरलाई गरिब राखिदिए । आफू भने धनी भएकाले होला चोरै चोर जोड्ने काम गरेका छन् महतले पनि । आखिर कांग्रेस भनेकै पुँजीपतिहरूको दल । पुँजीपतिहरूसँग उठबस गर्न जान्ने, त्यसमाथि पनि बेलायततिर पिएचडी हासिल गरेर आएका महतले बेलायती शैलीलाई त अपनाउनु नै पऱ्यो नि, परेन र ? प्रत्यक्ष निर्वाचनमा 'शिवखुलित' हुन्छु भनेर देउवाको दाहिने कोटबाट सांसद हुन पनि भाउजुको फरियाको साइनो त लगाकै हुन् । त्यसमा पनि आर्जु भाउजुसँग धर्मपत्नी बिनासँगको सम्बन्धले पनि दाहिने कोटबाट समानुपातिक सांसद भएर अर्थमन्त्री नै हान्न पाइसकेपछि जाबो गरिबको विश्वेश्वरलाई बोकेर पनि हुन्छ त ! चौधरीहरूलाई बोकेपो कार्जेकर्ता पनि खुसी, भाउजु पनि खुसी । अहिले सत्तामा बसिरहने हो भने त भाउजुलाई खुशी नपारी सुखै छैन । त्यही भएर पनि बन्दुक पड्काउन सिपालु भाउजुले भनेजस्तै बजेट त आउनु नै पऱ्यो । आठ अर्ब २५ करोड रूपैयाँको सांसद विकास कोष गरिबसँग विश्वेश्वरमा पर्दैन । त्यो त धनीसँग चोरैचोरमा पर्ने बजेट हो ।

बजेट भाषणका लागि हो त्यसले हामीलाई कुनै असर गर्दै भन्दै हुनुहुन्थ्यो साइँला काका । अनि मैले भनेँ- होइन हो काका त्यस्तो कुरा गर्नु हुँदैन । हेर्नूस् त देश बनाउने सपना बोकेर आएका विश्वेश्वर गरिबसँग बाँचिरहेका छन् । कम्तीमा ऊ बेला गरिब, किसानसँग उठबस गरेका कारण विश्वेश्वरलाई गरिबसँग जोड्ने मौका त पाएका छन् । अब त त्यस्तो हुँदैनन नि ! भविष्यमा जलहरीसँग जोडिन्छ, शरणार्थीसँग जोडिन्छ अमेरिका भारत चीन कहाँ-कहाँ छ त्यही जोडिन्छ । त्यसकारण विरोध गर्नुहुन्न भन्देको मात्र के थिएँ । सरकारी टेलिभिजनमा पिएचडीधारी महतको १४२ पेजे भाषण सुनिरहेका काकामले झण्डै कम्मर भाँचिदिएका ।

काका भन्छन् ! यस्तो पनि बजेट हुन्छ उसैको बाउको पेवा जस्तो गरेर यो गरिदिएको छु त्यो गरिदिएको छु अरे । सरकारले यस्तो योजना बनाएको छ । बजेट यति छुट्याएको छ भनेको भए के हुन्थ्यो । त्यसका बाजे दाजुले पनि त्यसै गरे भाइले पनि त्यसै गरे । गणतन्त्र दिवस भन्दै मोबाइलमा बिहानदेखि 'गाउँ गाउँबाट उठ, बस्ती बस्तीबाट उठ, यो देशको मुहार फेर्नलाई उठ' भन्ने गीत कि सुनाको हैं ? हो । खास कुरो जेठ १५ गते बजेट भाषण आउँछ त्यो भाषण जनताका लागि केही पनि हुँदैन ८० प्रतिशतत यता उता कता गर्दै सकिने भएकाले अब भएन फेरि 'उठ ठोक' भनेर मोबाइलमा भनेको भनै छ, काकाको कुरा सुनेर म त झसंग !

यसो दुईचार ठाउँमा फोन ठटाको गाउँबाटै उठ भन्छ । अब गाउँबाट उठेर आएको १७ वर्ष भइसक्यो । गाउँ पाखा पखेरा सल्लेरीको भीर के-के गर्दै आएको मान्छेलाई अझै गाउँगाउँबाट उठ भन्दै लाखौं खर्च गरेर सन्देश प्रसारणसमेत गर्न भ्याउनेलाई के भन्ने ? धन्न गरिबसँग भएपनि विश्वेश्वरलाई राखिदिएका छन् । चोरैचोरसँग राखिदिएको भए त तिनकोसमेत बेइज्जत हुन्थ्यो नि ? खाइ नपाई छालाको टोपीलाई भनेजस्तै हुन्थ्यो नि त काकाले मलाई सम्झाउनु सम्झाउनु भो । हेर केटा कता भाग्नु पर्ने छ भाग । फेरि तँलाई पनि गरिबसँग विश्वेश्वर भन्दै कुदाउलान् फ्रिमा । कुरा ठीकै पनि हो पिएचडीधारी विद्धानहरू भएको ठाउँमा हाम्रो बोली कसले सुन्छ र ? जे होस् ज्यानमारालाई छुटाउनका लागि हिँडेका मान्छेहरूलाई गर्न न गरिहाल्छन् नि । यो वर्षको आमूल परिवर्तन गर्नु पर्दछ भन्ने कुरा प्रस्ट भएको छ । अब गरिबसँग विश्वेश्वरलाई छाडेर चोरै चोरको संगति गरिन्छ । त्यो यसै गरिन्छ, त्यसै गरिन्छ ।

# बजेटमा सुदूरपश्चिम प्रदेश



**सुदूरपश्चिम–** सरकारले संसद्समक्ष सोमबार प्रस्तुत गरेको आर्थिक वर्ष २०८०/८१ को बजेट कार्यक्रममा सुदूरपश्चिम प्रदेशका केही महत्त्वपूर्ण योजना समेटिएका छन् ।

अर्थमन्त्री डा. प्रकाशशरण महतले प्रस्तुत गरेको बजेट तथा कार्यक्रममा निकै चासोका साथ हेरिएको कैलालीको गेटा मेडिकल कलेजलाई सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रारूपमा सञ्चालन गर्ने विषय समेटिएको छ । उक्त कलेजका भौतिक संरचना निर्माणको काम लगभग पूरा भइसकेको छ । सरकारले यो कलेजलाई १०० शयया सञ्चालन गर्ने गरी बजेटको व्यवस्था गरेको जनाएको छ ।

यस्तै लामो समयदेखि चर्चामा रहेको पश्चिम सेती जलविद्युत् आयोजनाका साथै चैनपुर-सेती जलविद्युत् आयोजनाको निर्माण सुरु गरिने विषय पनि बजेट वक्तव्यमार्फत सार्वजनिक गरिएको छ ।

सुदूरपश्चिम प्रदेशका बजेटमा समेटिएका महत्त्वपूर्ण योजना तथा कार्यक्रमः

-गेटा मडिकल कलेजलाई सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान प्रतिष्ठानका रूपमा सञ्चालन गरिने ।

-कैलालीको लम्कीमा प्राथमिक ट्रमा केयर सेन्टर स्थापना ।

-धनगढीमा एकीकृत खानेपानी तथा ढल व्यवस्थापन कार्यक्रम सञ्चालन ।

-बैतडीको दशरथचन्द नगरपालिका र धनगढीको फाप्लामा क्रिकेट रंगशाला निर्माण ।

- मदन भण्डारी सडकको कैलाली खण्ड निर्माण तथा स्तरोन्नति, महाकाली करिडोर सडक निर्माण, खुटिया–दिपायल हुँदै जाने फास्ट ट्र्याक सडक निर्माण, दैजी-जोगबुढा हुँदै जाने सडक निर्माण, कैलालीको मोहनादेखि अत्तरियासम्म निर्माणाधीन सडकको बाँकी काम पूरा गरिने, बैतडीको पाटनमा सहरी विकास कार्यक्रम सञ्चालन, कैलालीमा निर्माणाधीन राष्ट्रिय गौरवको रानी जमरा कुलरिया सिँचाइ आयोजनाको थप काम निर्माण गर्न दुई अर्ब ६३ करोड रूपैयाँ बजेट विनियोजन, प्राथमिकता प्राप्त कञ्चनपुरको महाकाली सिँचाइ आयोजनाका लागि एक अर्ब १७ करोड रूपैयाँ बजेट विनियोजन, जडीबुटीको प्रवर्द्धन गर्न आवश्यक पहल, महाकाली, कर्णाली, मोहन र खुटिया नदी तथा पहिरो नियन्त्रण कार्यक्रम, पश्चिम सेती जलविद्युत् आयोजना निर्माण, चैनपुर सेती जलविद्युत् आयोजना निर्माण आदि छन् । *रासस*

# सिकलसेल र थालसेमियाबारे जानकारी गराउँदै स्थानीय सरकार

**नेपालगञ्ज–** बाँकेको कोहलपुर नगरपालिकाले वंशाणुगत रोगका रूपमा रहेको सिकलसेल एनिमिया र थालेसेमियाबारे गाउँ-गाउँमा चेतना जगाउन सुरु गरेको छ ।

थारु समुदायमा रहेको सिकलसेल एनिमिया र थालेसेमिया रोग नियन्त्रणका लागि गाउँ-गाउँ पुगेर उक्त रोगबारे जानकारी दिइएको नगरपालिकाले जनाएको छ । चिकित्सक, जनप्रतिनिधि र स्वास्थ्यकर्मीसहितको टोली गाउँ-गाउँमा पुगेर सिकलसेल एनिमिया र थालेसेमिया रोग , यसले पार्ने अल्पकालीन तथा दीर्घकालीन समस्या, थारु समुदायमा रोगको असर र नियन्त्रणलगायत विषयमा समुदायलाई सचेत बनाउने काम गरिरहेको नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख अनिलसेन ठकुरीले जानकारी दिए ।

उक्त नगरपालिकाले सिकलसेलको जाँच निःशुल्क गर्दै आएको र अहिलेसम्म करिब १५ हजार व्यक्तिमा जाँच गरिसकेको छ । तीमध्ये एक हजारभन्दा बढी वाहक र एक सयभन्दा बढी रोगी देखिएका नगरपालिकाका ल्याव प्रमुख शिव गौतमले जानकारी दिए । पालिकाले थारु बस्ती तथा टोल टोलमा सो रोगबारे सचेतना फैलाउने काम गरिरहेको उनको भनाइ थियो ।

सिकलसेल एनिमिया विज्ञ डा. राजन पाण्डे, कोहलपुर नेपालगञ्ज मेडिकल कलेजका कन्सल्टेन्ट प्याथोलोजिस्ट डा. प्रज्ञा गौतम घिमिरे, नेपाल सिकलसेल समाजका अध्यक्ष प्रभु चौधरीलगायत विज्ञ टोलीले ती रोगबारे प्रशिक्षण दिँदै आएको छ ।

नगरप्रमुख पूर्णप्रसाद आचार्यले नगरपालिकाले स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राखेर काम गरिरहेको उल्लेख गर्दै सिकलसेल एनिमिया र थालेसेमिया वंशाणुगत रोग भएकाले यसको नियन्त्रणका लागि स्थानीय तहले जनचेतनामूलक कार्यक्रम सुरु गरेको बताए ।

उनले ल्याव परीक्षणबाट मात्रै रोगलाई नियन्त्रण गर्न सकिनेमा जोड दिँदै कोहलपुरको नगरअस्पतालमा आएर निःशुल्क जाँच गर्न स्थानीयलाई आग्रह गरे । जिल्लामा पछिल्लो समय यसका बिरामीको संख्या बढ्दै जान थालेको छ । *रासस*


## प्रभु कृषि तथा पशुपन्छी कम्पनी लिमिटेड

PRABHU KRISHI TATHA PASHUPANCHHI

का.जि.का.म.न.पा-३१, काठमाडौं

### शेयर बापतको रकम भुक्तानी गर्न शेयरधनीको नाममा जारी गरिएको सूचना

**दोस्रो पटक प्रकाशित मितिः जेष्ठ १६, २०८०**

**प्रभु कृषि तथा पशुपन्छी कम्पनी लिमिटेड** कम्पनीको मितिः माघ २६, २०७९ मा बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम सबै संस्थापक शेयरधनीले लिन कबुल गरेको शेयर पूँजीको १००% प्रतिशत पुऱ्याउन थप ८५ % प्रतिशतले हुन आउने शेयर वापतको रकम कम्पनीको प्रभु बैंक लिमिटेड, कोटेश्वर शाखाको चल्ती खाता नं.११५०१५३५९२६०००१५ मा यहि जेष्ठ २७, २०८० भित्र दाखिला गर्नु हुन कम्पनी ऐन, २०६३ को दफा ५३ को उपदफा (३) बमोजिम अनुरोध गरिन्छ । अन्यथा शेयर जफत भै जाने व्यहोरा अनुरोध छ ।

**संचालक समिति**

**प्रभु कृषि तथा पशुपन्छी कम्पनी लिमिटेड**



नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

कम्पनी रजिष्ट्रारको कार्यालयको

### हक दावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०७६/०८/३० मा दर्ता भएको प्रा.लि. नं. २३०३९१ को **अडिएन्स नेपाल मिडिया प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।



### काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**सूचना प्रकाशित मिति :२०८०/०२/१६**

यस सहमति सामुदायिक वन उपभोक्ता समूहको बैज्ञानिक वन ब्यवस्थापन कार्ययोजना कार्यान्वयन गर्ने सिलसिलामा आ.व. २०७५/०७६ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको लट नं. १ को साल जातको गोलिया थान १०३ को ८०९.५४ घ.फि., सागवान जातको गोलिया थान ५२२ को १८३३.४२ घ.फि., मसला जातको गोलिया थान २५४ को २०१७.८६ घ.फि., धौटी जातको गोलिया थान १० को १५४.०९ घ.फि., पलास जातको गोलिया थान ५ को ३०.३० घ.फि.गोलिया काठ तथा सागवान जातको १.०० चट्टा र बिभिन्न जातको मिश्रीत १.०० चट्टा दाउरा र लट नं. २ को साल जातको गोलिया थान १०१ को ९४७.३१ घ.फि., सागवान जातको गोलिया थान ५६० को १९४७.४१ घ.फि., मसला जातको गोलिया थान २८९ को १८०६.०३ घ.फि., धौटी जातको गोलिया थान १७ को १५३.२२ घ.फि., पलास जातको गोलिया थान ४ को ३०.३७ घ.फि.गोलिया काठ तथा मसला जातको ०.५० चट्टा र साल,धौटी मिश्रीत १.०० चट्टा दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नूपर्ने भएकाले २ वटा लट कायम गरी यो सूचना प्रकाशित गरिएको छ । काठ,दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेको फर्म/उद्योगहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२.०० बजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस संबन्धी बिस्तृत जानकारीका लागी यस समूहमा सम्पर्क राख्नू हून जानकारी गराईन्छ । पूर्ण ब्यहोराको सूचना यस समुहको सूचना पाटीमा टांस गरिएको छ ।

**श्री सहमति सामुदायिक वन उपभोक्ता समूह**

**बारबर्दिया नगरपालिका-१ जमुनिया बर्दिया**



## युएई/कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL KABAYEL OASIS TRADING LLC

पूर्व स्वीकृति मिति २०७८/१०/०६ पुन विज्ञापन स्वीकृति मितिः २०८०/०२/१५ LT. No. 256539 चलानी नं. ६०१७३००८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Footwear Sales Assistant | 4 | 0 | 1200 | ३९,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Readymade Clothes Sales | 5 | 0 | 1500 | ४८,९१० | | | | | | | |
| 3 | Sales | 20 | 0 | 1500 | ४८,९१० | | | | | | | |
| 4 | Shop Assistant | 5 | 0 | 1200 | ३९,१३० | | | | | | | |
| 5 | Stall And Market Salesperson | 5 | 4 | 1500 | ४८,९१० | | | | | | | |
| 6 | Stevedore/lasher | 3 | 0 | 1200 | ३९,१३० | | | | | | | |
| 7 | Toys Sales Assistant | 4 | 0 | 1200 | ३९,१३० | | | | | | | |

कम्पनी : VIEW CAFE

पूर्व स्वीकृति मिति २०७८/०८/०६ पुन विज्ञापन स्वीकृति मितिः २०८०/०२/१५ LT. No. 251569 चलानी नं. ६०१६८३४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 2 | 0 | 150 | ४८,९७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 19 | 0 | 90 | | | | | | | | |
| 3 | Kitchen Helper | 10 | 0 | 120 | | | | | | | | |
| 4 | Waiter | 10 | 0 | 120 | | | | | | | | |

कम्पनी : VINE GRAPE LEAVES RESTAURANT COMPANY.

पूर्व स्वीकृति मिति २०८०/०१/२१ पुन विज्ञापन स्वीकृति मितिः २०८०/०२/१५ LT. No. 285485 चलानी नं.६०२००९१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner/Helper | 0 | 21 | 85 | ३६५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ २२ गते (5th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL Govt. License No. 1352/074/075

**Omega International Pvt. Ltd.**

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337

E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FAIH WORLDWIDE CONTRACTING COMPANY ONE PERSON CO.

पूर्व स्वीकृति मितिः २०८०/०२/१५ LT. No. 286768 चलानी नं. ६०२०२१३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding | 50 | 0 | 1200 | ४२,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : RSHAF CAFE TO PROVIDE BEVERAGES

पूर्व स्वीकृति मिति २०७९/११/१५ पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/१५ LT. No. 281608 चलानी नं. ६०१९७२७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Labour | 2 | 0 | 1000 | ३५,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : FARIS KHADER AL-BAEIJI CARPENTRY WORKSHOP

पूर्व स्वीकृति मितिः २०८०/०२/१५ LT. No. 286767 चलानी नं. ६०२०२१३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Furniture Carpenter | 1 | 0 | 1200 | ४२,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ २३ गते (6th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

TARGET श्रम ईजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251

FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## साउदी अरेबियामा रोजगारको अवसर

कम्पनीः NUTRITION FOOD SOURCES COMPANY

पूर्व स्वीकृति मिति २०७९/०२/२४ पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/१५ LT. No.264372 चलानी नं. ६०१८०५२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Pick Up Truck Driver | 1 | 0 | 1800 | ५९,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ २३ गते (6th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ६१९/०६३/०६४

**Nasser Outsourcing Consultants Pvt. Ltd.**

Ratopool-9, Kathmandu, nepal

Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950

Email: nocnepal@nassers.org



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KART CONTRACTING CO (ONE PERSON COMPANY)

पूर्व स्वीकृति मिति २०८०/०२/१३ LT. No. 286659 चलानी नं. ६०२०२१४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 5 | 0 | 1000 | ३५,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ २३ गते (6th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ७९४/०६५/०६६

**TRIPLE STAR EMPLOYMENT PVT. LTD.**

Samakhusi-29, Kathmandu, Nepal Tel: +9771 4353826,4359552, Mob No.: 9802011164, 9846026291, 9849881033 & 9814388624 Fax: +977-1-4362951



## जापानमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WOODLAND KOBE BUSINESS COOPERATIVE

पुर्व स्वीकृति मिति : २०८०/०२/०९ LT. No. 286492 चलानी नं. ६०२०२१२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव Yen | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Care Giver | 5 | 5 | 185,000 | १,७४,३०० | क.नि. अनुसार | ६ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ २३ गते (6th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**

(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरूः**

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।

१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र ।

२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः जम्मा रू. ३५,०००/- (पैतिस हजार) मात्र ।

३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोट**: वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

**■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः**

१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

Govt. Lic. No. 816/065/066

**IMPERIAL OVERSEAS PVT. LTD.**

Sinamangal-9, Gairidhara, Kathmandu, Nepal.Tel : +977-1-4485530, Mobile: 9818851067

Email: imperialovs2009@gmail.com,, imperialoverseas@hotmail.com,Website:- imperialoverseas.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : QUICK STAR SUPERMARKET WLL.

पूर्व स्वीकृति मिति : २०८०/०२/१५ LT. No. 286632 चलानी नं : ६०२०२१३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Salesman | 0 | 6 | 2500 | ९१,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Executive Sales | 0 | 3 | 3500 | १२७,४७५ | | | | | | | |
| 3 | Cashier | 0 | 2 | 2500 | ९१,०५५ | | | | | | | |
| 4 | Sales Manager | 0 | 1 | 4500 | १६३,९०० | | | | | | | |
| 5 | Purchase Rep | 0 | 1 | 3500 | १२७,४७५ | | | | | | | |
| 6 | Sales Employee | 0 | 1 | 1500 | ५४,६३५ | | | | | | | |
| 7 | Busin Executive | 0 | 1 | 4000 | १४५,६९० | | | | | | | |
| 8 | Gen Clean Worker | 0 | 1 | 1100 | ४०,०६५ | | | | | | | |
| 9 | Gen Clean Worker | 1 | 0 | 1100 | ४०,०६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ २३ गते (6th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३०२/०७४/०७५

**Lucky Human Resource Pvt.Ltd.**

G.P.O Box : 815, Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401

E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np

प्रभाव दैनिक




## निरौलाको निर्देशनमा 'ज्वाइँ साब' बन्ने

फिल्म 'ज्वाइँ साब' निर्माण घोषणा गरिएको छ। वसन्त निरौलाको निर्देशन रहने फिल्मको सोमबार हलेसी मन्दिरमा पूजा गर्दै निर्माणको घोषणा गरिएको हो। रेड आई फिल्मस्को प्रस्तुतिमा निर्माण हुने यो फिल्मको छायांकन केही महिनामै सुरू हुने निर्देशक निरौलाले जानकारी दिए। फिल्मको छायांकन नेपाल, क्यानडा र अष्ट्रेलियामा गरिनेछ। फिल्मको कथा सविन अधिकारीले लेखेका हुन्। फिल्ममा शंकर घितालको पटकथा तथा संवाद छ। निर्देशक निरौलाका अनुसार, फिल्मका लागि कलाकारहरूको छनोट जारी छ। 'सबै कलाकार फाइनल भएपछि हामी पत्रकार सम्मेलन गरेर जानकारी दिनेछौँ। यो फिल्मलाई कमेडी र पारिवारिक कथामा निर्माण गरिनेछ।'




मंगलबार, १६ जेठ २०८० (Tuesday, May 30, 2023)

# बजेटमा चलचित्र: नेपाली चलचित्रलाई प्रोत्साहित गर्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले सार्वजनिक गरेको आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेटमा नेपाली कलाक्षेत्रले पनि प्रथामिकता पाएको छ।

अर्थमन्त्री डा.प्रकाशशरण महतले सोमबार प्रस्तुत गरेको बजेटमा नेपाललाई चलचित्र गन्तब्यको रूपमा विकास गर्ने, चलचित्र प्रर्यटन विकासका लागि निजि क्षेत्रलाई प्रोत्साहन गर्ने, दोलखा र काभ्रेको बनेपामा इन्डोर



फिल्म सुटिङ स्टुडियो निर्माण लगायतका विषय अटाएको छ।

त्यस्तै सरकारले नेपाललाई चलचित्र गन्तव्यको रूपमा आकर्षित तरिकाले विकास गर्ने भएको छ। आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेट भाषण गर्दै अर्थमन्त्री महतले नेपाललाई चलचित्र गन्तव्यको रूपमा आकर्षित तरिकाले विकास गर्ने घोषणा गरेका हुन्।

मन्त्री महतले बजेटमा निजी र साझेदारीमा दोलखा र बनेपामा इन्डोर फिल्म सुटिङ स्टुडियो निर्माण अगाडि समेत बढाइने बताएका छन्।

त्यस्तै मन्त्री महतले बौद्धिक सम्पतिको संरक्षण र विकास बिस्तारका लागि कानुन बनाउने भएको छ।

## भारतमा ४ युवा सम्मानित

**काठमाडौं (प्रस) –** भारतमा चार नेपाली युवा 'भारत गौरव सम्मान-२०२३' बाट सम्मानित भएका छन्। सम्मानित हुनेहरूमा पत्रकार सरोज ओझा, गायक एवम् संगितकार विनोद ढकाल, मोडल एवम् अभिनेत्री नितु कोइराला र समाजसेवी सुशिला थापा रहेका छन्। उनीहरूलाई विश्व मानव अधिकार परिषदले आइतबार सम्मान गरेको हो। लखनऊस्थित उर्दु एकेडेमी सभाहलमा आयोजित कार्यक्रममा भारतस्थित विभिन्न राज्य एवं नेपाललगायत विभिन्न मुलुकका नागरिकहरूलाई सम्मान प्रदान गरिएको थियो। कार्यक्रममा कश्मिरका आइजिपी कार्फ एमएस भाटिया, आइपिएस डिआईजी सभाराज, सुजितकुमार सिंह, आइपिएस अफिसरहरू सिमआ नावी, तनुश्रीलाई लाइफटाईम एचिवमेन्ट अवार्ड समर्पण गरिएको थियो।

## 'ग्लोबल नेपाली फिल्म अवार्ड' को छैटौं संस्करण अमेरिकामा




■ प्रभाव संवाददाता

**काठमाडौं–** 'ग्लोबल नेपाली फिल्म अवार्ड' को छैटौं संस्करण अमेरिकाको न्यूयोर्कमा आगामी अगष्ट १२ मा आयोजना हुने भएको छ। 'नेपाली चलचित्र गाउँदेखि विश्वसम्म' भन्ने नारासहित सन् २०१६ बाट सुरु भएको यो अवार्ड चलचित्रकर्मीलाई सम्मान र पुरस्कारमार्फत प्रोत्साहन गर्ने हेतुले सुरु भएको हो।

यो वर्षको अवार्ड न्यूयोर्क क्विन्स शहरको मेलरोज बलरुममा हुने ग्लोबल नेपाली फिल्म अवार्डका अध्यक्ष नवराज श्रेष्ठले जानकारी दिए। एटिए एभरेस्ट इन्स्योरेन्सको मुख्य प्रायोजन र सुनिल पाठक एजेण्ट अल स्टेट इन्स्योरेन्स कम्पनिको सह-प्रायोजन अवार्डमा रहने अवार्डका संरक्षक तथा नेपाल फिल्म सोसाइटीका केन्द्रीय अध्यक्ष कृष्ण मल्लले बताए। अवार्डको अघिल्लो पाँच संस्करण कोलोराडो र सनफ्रान्सिस्कोमा भएको थियो।

नेपाल रहने र अमेरिकामा बस्ने कलाकर्मीको पुनर्मिलन गर्न समेत अवार्डले महत्वपूर्ण भूमिका खेल्न निर्देशक नारायण पुरी बताउँछन्। उनले भने, 'अवार्डले विदेशमा नेपाली चलचित्रको प्रबर्द्धन पनि गर्छ। नेपाली मौलिक कला, संस्कृतिलाई संसारभर परिचित समेत गराउँछ।' अवार्डको लागि चलचित्र छनोट समिति गठन भइसकेको छ। अवार्डको विधा, जुरी र विस्तृत जानकारी केही दिनमा सार्वजनिक गर्ने आयोजकले जनाएको छ।

# 'मिस्टर नेपाल २०२३'को काठमाडौं अडिसन शनिबार




■ प्रभाव संवाददाता

**काठमाडौं–** 'मिस्टर नेपाल २०२३' को काठमाडौं अडिसन आगामी शनिबार आयोजना हुने भएको छ। देशको बिभिन्न स्थानको अडिसनपछि आयोजकले छनौट चरणको अन्तिम अडिसन काठमाडौंमा गर्न लागेको हो।

नेपालमा आयोजना हुने पुरुषहरू सहभागी प्रतिष्ठित प्रतियोगीताको काठमाडौं अडिसन शनिबार पानीपोखरीस्थित वालनट बिष्ट्रोमा हुने आयोजक नेक्स्ट मोडल्स्का सिइयो रवि धमलाले जानकारी दिए।

गतबैशाख २९ गते दमकबाट सुरु भएको पहिलो चरणको अडिसन बिराटनगर, जनकपुर, चितवन, बुटवल, पोखरापछि काठमाडौमा हुन लागेको हो। सबै अडिसन सकिएपछि प्रतियोगीताका लागि ३० अन्तिम प्रतियोगी सार्वजनिक गर्ने आयोजकको योजना छ।

यो पटक मिस्टर नेपाल 'न्युलुक मिस्टर नेपाल' को नामबाट आयोजना हुँदैछ। प्रयोगक न्युलुक ब्युटिफर लाइफले भएको कारण नामको अगाडि न्युलुक जोडिएको हो। १६ वर्षदेखि ३२ वर्ष ननाघेका युवाहरूको सहभागीता रहने प्रतियोगीतामा ५ फिट ८ इन्च माथि उचाई भएका नेपाली नागरिकले सहभागिता जनाउन सक्नेछन्। आयोजक नेक्स्ट मोडल्सले यो पटक प्रदेश नम्बर १ मा रोनक अग्रवाल, मधेश प्रदेशमा विक्रम आदित्य महासेठ, लुम्बिनी प्रदेश प्रशान्त शाह, गण्डकी प्रदेशमा आशिष पुरी प्रदेश निर्देशक समेत नियुक्त गरेको छ।

प्रतियोगिताको शीर्ष विजेताले 'मिस्टर वर्ल्ड २०२३' वा 'मिस्टर ग्लोवल २०२३' मा नेपालको प्रतिनिधित्वको अलवा ५ लाख बराबरको पुरस्कार हात पार्नेछन्। देशैभरिका अडिसनबाट छानिएका अन्तिम ३० प्रतियोगीले मात्र अन्तिम प्रतिस्पर्धाको तयारी कक्षा स्वमिङ, फुटबल, रक क्लाइमिङ, समाजसेवा, सर्ट हाइकिङ्ग, क्याटवाक, व्यक्तित्व विकास, पब्लिक स्पिकिङलगायतका दर्जन बढी विषयको प्रशिक्षणमा सहभागी हुनेछन्। प्रतियोगितामा नेपालको आन्तरिक पर्यटनको विकासका लागि समेत विभिन्न गतिविधि सञ्चालन हुने आयोजक नेक्स्ट मोडल्स नेपालकी प्रवन्ध निर्देशक यत्ना पाण्डेले जानकारी दिइन्।

'प्रतियोगिता विगतको भन्दा अझ भव्य बनाउन आफु लागिपरेको छु' धमलाले भने 'यो वर्ष मिस्टर नेपाल' नेपालमा आयोजना हुने सबै सौन्दर्य प्रतियोगिता भन्दा भव्य हुनेछ'। युवाहरूको व्यक्तित्व विकास, आत्मविश्वास अभिवृद्धि, क्षमता उजागर लगायत नेतृत्वदायी क्षमता विकास गर्ने उदेश्यले यो प्रतियोगिता २००१ देखि नियमित आयोजना हुँदै आएको हो। प्रशान्त ताम्राकारको कोरियोग्राफी रहने प्रतियोगीताका लागि आवेदन फर्म खल्ती एपबाट भर्न सकिनेछ।



**बजेटमा खेलकुद**

# त्रिवि क्रिकेट मैदानलाई अन्तर्राष्ट्रिय रंगशाला बनाइने



■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानलाई अन्तर्राष्ट्रियस्तरको रंगशालाका रूपमा विकास गर्ने भएको छ।

अर्थमन्त्री डा. रामशरण महतले सङ्घीय संसद्को संयुक्त बैठकमा आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्दै त्रिवि क्रिकेट मैदानमा आगामी आर्थिक वर्षभित्र फल्ड लाइट राख्ने काम सम्पन्न गर्ने घोषणा गरेका छन्। उनले निर्माणाधीन मूलपानी क्रिकेट रंगशाला निर्माण सम्पन्न गर्न बजेटको व्यवस्था गरेको बताए।

अर्थमन्त्री महतले काठमाडौँको सुवर्णशम्शेर रंगशाला, कैलालीको फाप्ला क्रिकेट रंगशाला, बैतडीको दशरथचन्द क्रिकेट रंगशाला र विराटनगरको गिरिजाप्रसाद कोइराला क्रिकेट रंगशालाको निर्माण कार्य अगाडि बढाउन बजेट छुट्याएको बताए। उनले सार्वजनिक निजी साझेदारीमा प्याराग्लाइडिङ, रक क्लाइम्बिङ, अल्ट्रा म्याराथन लगायतका साहसिक खेलकुदका खेल पूर्वाधार निर्माणको व्यवस्था गरिने बताए।

अर्थमन्त्री महतले खेलाडीलाई स्वरोजगार बन्न चाहेमा युवा स्वरोजगार कोषमार्फत सहुलियतपूर्ण कर्जा प्रदान गर्ने व्यवस्था मिलाएको बताए। उनले नेपाल क्रिकेट सङ्घ (क्यान), नेपाल ओलम्पिक कमिटी, अखिल नेपाल फुटबल सङ्घ (एन्फा) लगायतका विभिन्न खेलकुद सङ्घको क्षमता विकास गरी खेलकुद प्रतियोगिता सञ्चालनका लागि प्रोत्साहन गर्ने बताए।

सरकारले १९औं एसियाली खेलकुद प्रतियोगिता र दसौं राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारीका लागि बजेट छुट्याएको छ भने निर्माणाधीन धनगढी, पोखरा, इटहरी र नेपालगगञ्जको प्रदेश रंगशाला र कभर्डहलको निर्माण सम्पन्नका लागि बजेटको व्यवस्था गरिएको छ।

### सहुलियतपुर्ण कर्जा दिइने

नेपाल सरकारले स्वरोजगार बन्न चाहने खेलाडीहरूलाई सहुलियतपुर्ण कर्जा दिने भएको छ। अर्थमन्त्री महतले सङ्घीय संसद् बैठकमा आज आर्थिक वर्ष २०८०/८१ को बजेट प्रस्तुत गर्दै खेलाडीलाई स्वरोजगार बन्न चाहेमा युवा स्वरोजगार कोषमार्फत सहुलियतपूर्ण कर्जा प्रदान गर्ने व्यवस्था गरिने बताए।

# सुमनलाई एभरेस्ट म्याराथनको उपाधि

■ प्रभाव संवाददाता

**काठमाडौं–** तेन्जिङ हिलारी एभरेस्ट म्याराथनको उपाधि सुमन कुलुङले जितेका छन्। सुमनले विश्वकै सर्वाधिक उचाईमा सोमबार आयोजना भएको म्याराथनको उपाधि उचालेका हुन्।

सगरमाथाको आधार शिविरबाट सुरु भएको म्याराथनमा सुमनले निर्धारित दुरी ३ घण्टा ४८ मिनेट ५४ सेकेण्डमा पूरा गरे। दल बहादुर कुँवर ३ घण्टा ५७ मिनेट ५३ सेकेण्डको समय निकाल्दै दोस्रो भए।

यस्तै उमेश राईले निर्धारित दुरी ४ घण्टा ०२ मिनेट ०३ सेकेण्डमा पूरा गर्दै तेस्रो स्थान हासिल गरे। महिलातर्फको हाफ म्याराथनको उपाधि भारतकी सम्झना राईले जितिन्। सम्झनाले निर्धारित दुरी ३ घण्टा १९ मिनेट ४८ सेकेण्डमा पूरा गरिन्।




दोस्रो भएकी अष्ट्रेलियाकी इम्मा विलियम्सले ३ घण्टा २१ मिनेट ४१ सेकेण्डको समय निकालिन। यस्तै रसियाकी एलेक्सजेन्डर बुर्त्सेभले ३ घण्टा २३ मिनेट ५४ सेकेण्डसहित तेस्रो बनिन्।

अल्ट्रा म्याराथनतर्फको उपाधि तीर्थ बहादुर तामाङले जिते। यस्तै तिलक बहादुर सुनुवार दोस्रो र किरण कुलुङ तेस्रो भए। म्याराथन सर्वोच्च शिखर सगरमाथाको आधार शिबिरबाट सुरु भएर नाम्चे बजारमा आएर सकिएको थियो।

# सुदिप बने च्याम्पियन

■ प्रभाव संवाददाता

**काठमाडौं–** पहिलो कोप ब्लिज रेटिङ बुद्धिचाल प्रतियोगिताको उपाधि सोमबार काठमाडौंका युवा खेलाडी सुदिप तामाङले जितेका छन्। उनले नवौं चरणको खेलमा पुरुषोत्तम सिलवालसँग बराबरी खेलेका थिए।

सुदिपले ६ खेलमा जित र ३ खेलमा बराबरी खेल्दै साढे ७ अंक जोडेका थिए। उनले उपाधीका साथ १० हजार नगद पुरस्कार जिते। गणतन्त्र दिवसको अवसरमा राष्ट्रिय सहकारी महासंघको आयोजना, नेपाल बुद्धिचाल महासंघको सहयोजनामा भएको प्रतियोगितामा समान साढे सात अंक जोडेका फिडे मास्टर क्षितिज भण्डारी दोस्रो भए। उनी सुदिपसँग प्रोग्रेशिप टाइब्रेकरमा पछि परे। उनले सात हजार नगद पुरस्कार जिते। नेपाल च्याम्पियन फिडे मास्टर रूपेश जैसवालले तेस्रो स्थानमा चित्त बुझाए। उनी अन्तिम चरणमा क्षितिज सँग बराबरी खेल्न पुगेका थिए।

पुरुषोत्तम सिलवाल, सुश्रुत दाहाल, सजिन महर्जन, आशिष फुयाल, सुरविर लामा, राजन पुरी र श्रीलंकाकी ओमवन आइएम एम सचिन राणसिंगे क्रमश चौथो देखि दशौं स्थानमा रहे। राणसिंगे महिलातर्फ प्रथम भइन्। ५५ बर्ष उमेरसमूह माथि भने भगवती प्रसाद शर्मा उत्कृष्ट रहे।

सहकारीतर्फ एनसीएफका डिजिएम सुरेश थापा प्रथम भए, महिलातर्फ पुनम प्रसानी उत्कृष्ट भइन्। एक हजारदेखि १६ सयसम्मको रेटिङतर्फ खोमप्रसाद तिमल्सिना उत्कृष्ट भए।

वेष्ट त्याङ्क सुधार गर्नेमा मनोज कुमार श्रेष्ठ उत्कृष्ट रहे। विजेता खेलाडीलाई राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कँडेल, उपाध्यक्ष रमेश पोखरेल, महाप्रबन्धक चित्राकुमारी थाम्सुहाङ सुब्बा, नेपाल बुद्धिचाल महासंघका अध्यक्ष विदुर गौतमले पुरस्कार वितरण गरेका थिए। महासंघका अध्यक्ष कँडेलले चेस प्रतियोगितालाई आगामी दिनमा अझै भव्य रूपमा आयोजना गर्ने घोषणा गरे। ललितपुर जिल्ला बुद्धिचाल संघको प्राविधिक सहयोगमा भएको प्रतियोगितामा १११ जनाको सहभागीता रहेको प्रमुख आर्विटर उमेश केसीले बताए।

प्रतियोगितामा नेपाल, भारत र श्रीलंकाका खेलाडीहरूको सहभागीता रहेको थियो। प्रतियोगिताको उद्घाटन पूर्व मन्त्री केशव बडाल र नेपाल बुद्धिचाल महासंघका अध्यक्ष गौतमले चेसको गोटी चालेर गरेका थिए। सो अवसरमा नेपाल बुद्धिचाल महासंघका पूर्व अध्यक्ष स्व राजेशहरी जोशीले चेस र सहकारीलाई सँगसँगै लैजाने खोजेको र आज त्यो सपना पुरा भएको बक्ताहरूले बताएका थिए।

# एर्दोगान टर्कीको राष्ट्रपतिमा पुनः विजयी

**अंकारा–**टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगान पुनःनिर्वाचित भएका छन् । जारी राष्ट्रपतीय निर्वाचनमा जित हासिल गर्दै उनले आफ्नो शासन तेस्रो दशकसम्म लम्ब्याएका छन् । एर्दोगानले आइतबार भएको मतदानमा विपक्षी नेता केमाल किलिचदारोग्लुलाई पराजित गरेका हुन् ।

टर्कीको झण्डा फहराउँदै उत्साही समर्थकहरूको ठूलो भीडलाई सम्बोधन गर्दै उनले राष्ट्र र जनतालाई धन्यवाद दिएका छन् । उनले भने, 'हामीले हाम्रो राष्ट्रको पक्षमा राष्ट्रपति चुनावको दोस्रो चरण पूरा गर्‍यौं । म यस किसिमको प्रजातान्त्रिक अभ्यास भएकोमा मेरो राष्ट्रप्रति कृतज्ञता व्यक्त गर्न चाहन्छु । 'मे १४ र मे २८ को दुवै निर्वाचनका विजेता हाम्रा आठ करोड ५० लाख नागरिक हुन्,' उनले दुई चरणको निर्वाचनलाई उल्लेख गर्दै भने ।

उता निर्वाचितमा पाराजित प्रतिद्वन्दी किलिचदारोग्लुले राजधानी अंकारामा रहेको आफ्नो पार्टीको मुख्यालयमा बोल्दै टर्कीमा 'वास्तविक प्रजातन्त्र' नआएसम्म लडाइँ जारी राख्ने बताएका छन् ।

'यो हाम्रो इतिहासको सबैभन्दा अनुचित निर्वाचन अवधि थियो । हामी डरको वातावरणमा झुकेका छैनौं । यो निर्वाचनमा सबै दबाबका बाबजुद जनताको अधिनायकवादी सरकार परिवर्तन गर्ने इच्छा स्पष्ट भयो,' उनले भने । एर्दोगानले दुई करोड ७५ लाख १३ हजार ५८७ भोट वा खसेको मतको ५२.१४ प्रतिशत प्राप्त गरेका छन् भने विपक्षी नेता केमाल किलिचदारोग्लुले दुई करोड ५२ लाख ६० हजार १०९ मत वा ४७.८६ प्रतिशत प्राप्त गरेका छन् । *रासस/एएनआई*

# चीनको शेन्झाउ–१६ अन्तरिक्ष यान प्रक्षेपणका लागि तयार

**जिउक्वान–** चीनको शेन्झाउ-१६ अन्तरिक्ष यानले आइतबार उत्तरपश्चिम चीनको जिउक्वान स्याटेलाइट प्रक्षेपण केन्द्रमा अन्तिम प्रक्षेपण पूर्वअभ्यास पूरा गरेको छ यो सँगै यो यान प्रक्षेपणका लागि तयार रहेको छ ।

जहाज र यसको क्यारियर रकेट र प्रक्षेपण केन्द्रमा सबै प्रणाली र तयारी प्रक्षेपणका लागि तयार रहेको प्रक्षेपण केन्द्रले जनाएको छ । प्रक्षेपण केन्द्रमा स्थानान्तरण गरिएका अन्तरिक्ष यान र लङ मार्च-२ एफ क्यारियर रकेटको संयोजनबाट रकेट र अन्तरिक्ष यानको विभिन्न निरीक्षण र प्रि-लञ्च पूर्वाभ्यासहरू सञ्चालन गरिएको प्रक्षेपण केन्द्रका वरिष्ठ इन्जिनियर हे पेङ्जुले बताएका छन् ।

बालुवा र वर्षाको पानी रकेटमा पस्न नदिन प्रक्षेपण टावरमा सिल गर्ने सुविधासमेत रहेको उनले बताए । यो गोबी मरुभूमिको बलौटे वातावरण अनुरूप तयार पारिएको छ । प्रक्षेपण केन्द्र यही गोबी मरुभूमिमा अवस्थित छ । *रासस/सिन्ह्वा*

# इजरायलद्वारा सिरियका सैन्य स्थलमा आक्रमण

**दमास्कस–** इजरायली युद्धक विमानहरूले आइतबार राति सिरियाको राजधानी दमास्कसमा रहेका सैन्य स्थलहरूमा रातभर आक्रमण गरेको सिरियाली सेनाले जनाएको छ । इजरायली हमला इजरायलले कब्जा गरेको गोलान हाइट्स माथिबाट गरिएको थियो जसले सिरियाली वायु प्रतिरक्षालाई प्रभावित पारेको विज्ञप्तिमा उल्लेख छ । सो आक्रमणबाट केही मिसाइलहरू रोकिएको पनि बताइएको छ ।

यसैबीच सिरियन अब्जर्भेटरी फर ह्युमन राइट्स वार मनिटरले इजरायलले दमास्कस नजिकैको सैन्य स्थलहरूमा दुईवटा मिसाइल आक्रमण गरेको बताएको छ । बेलाइतमा रहेको वाचडग समूहले आक्रमणले दमास्कसको ग्रामीण इलाकाको हामेह क्षेत्रमा रहेको हवाई रक्षा आधार शिविर र दमास्कस अन्तर्राष्ट्रिय विमानस्थलको वरपरका सैन्य स्थलहरूलाई निशाना बनाएको बताएको छ ।

पछिल्लो आक्रमणका साथ इजरायलले सन् २०२३ को शुरिदेखि १७ पटक सिरियामा आक्रमण गरेको छ । ती आक्रमणमा ४८ सैनिक मारिएका छन् भने २८ जना घाइते भएका छन् । वर्षौंदेखि इजरायलले सिरियामा इरान-समर्थित शिया लडाकुहरूविरुद्ध आक्रमण गर्दै आएको छ । यसैबीच इरानसँग सम्बन्धित लडाकुहरूका लागि हतियार ढुवानी गर्ने विमानस्थल र सैन्य आधारहरूमा प्रहार गर्दै एको छ । *रासस/सिन्ह्वा*

# श्रीलंकाले मेको अन्त्यबाट साप्ताहिक इन्धन कोटा बढाउने

**कोलम्बो–** श्रीलंकाका साप्ताहिक रूपमा प्रदान गर्दै आएको इन्धन कोटा बढाउने भएको छ । ऊर्जामन्त्री कञ्चना विजेसेकराले बढेको नयाँ इन्धन कोटा मे ३० मध्यरातबाट उपलब्ध हुने बताएका छन् ।

नयाँ योजनाअन्तर्गत तीन पांग्रे सवारीहरूले प्रतिहप्ता २२ लिटर (१५ लिटर बाट माथि) सम्मको इन्धन किन्न सक्ने छन् भने मोटरसाइकलले १४ लिटर (सात लिटरबाट माथि) किन्न सक्ने छन् ।

त्यसैगरी बसहरूले १२५ लिटर (६० लिटरबाट माथि), कार ४० लिटर (३० लिटरबाट माथि), र अन्य भूमिगत सवारीहरूले ४५ लिटर २५ लिटरबाट माथि) किन्न सक्ने छन् । यसैबीच लरीहरूले १२५ लिटर (७५ लिटरबाट माथि) किन्न सक्ने छन् भने क्वाड्रिसाइकलहरूले १४ लिटर (छ लिटरबाट माथि) किन्न सक्ने छन् । *रासस/सिन्ह्वा*

## मोटरसाइकल हराएको सूचना

श्री हुलास फिन सर्भ लिमिटेडको नाममा रहेको **चन्द्र बहादुर मुक्तान**को । निम्न व्योहोरा रहेको मोटरसाइकल मिति २०८०/०२/१२ गते काठमाडौं जिल्ला कुलेश्वर वडा नं. १४ को घर अगाडिबाट बेलुकी ४:०० बजे तिर हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।

**प्रकार - Pulsar 220F**
**बाई नं. बाग्मती प्रदेश ०२-०३७ प ७७२७**
**चेसिस नं. MD2A13EX9NCK80851**
**इन्जिन नं. DKXCNK35217**
**रङ्ग - कालो, रातो**
**सम्पर्क - 9841060837**

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १० अंक ३४ जेष्ठ १३ गते २०८० मा प्रकाशित **Elite Gurkhas Overseas Pvt. Ltd.** को Lot No. 286618 को **Intelligent Telecommunication Systems L.L.C** कम्पनीको विज्ञापनमा **कतारमा वैदेशिक रोजगारको अवसर** र मासिक तलब QR. 1000/- (**ने.रु.३६,२९५**) हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याईएको जानकारी गराईन्छ ।

**Elite Gurkhas Overseas Pvt. Ltd.**
Tokha -5, Basundhara, Kathmandu, Tel.: +977-1-4016621,4016638
Fax: 977-1-4016620, E-mail: info@elitegurkhas.com.np, Web: www.elitegurkhas.com.np

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ARABIAN GULF SECURITY SERVICES L.L.C**

पूर्व स्वीकृति मिति २०८०/०२/१४ | LT No :286660 | चलानी नं. ६०२०२१४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1600 | ५७,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ २३/२४ गते (6/7th June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Ganapati Overseas Pvt.Ltd.**
Sinamangal -9 Kathmandu, Tel : 01- 4110082, 9810-195400, 9813-951511
Email: career ganapati@gmail.com
श्रम ईजाजत नं. २५८/०५८/०५९

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **EGLANTRAI EVENTS AND TRADES.**

पूर्व स्वीकृति मिति २०८०/०२/१५ | LT. No. 286678 | चलानी नं. ६०२०२१३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Store Keeper | 10 | 0 | 1900 | ६९,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ २३ गते (6th June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Leaders International Recruitment Agency Pvt. Ltd**
LEADERS International Recruitment – LEADING THE WAY OF STAFFING
Kathmandu-3 Maharajgunj, Nepal. Tel: +977- 015916748
Email: leadersnepal1615@gmail.com
श्रम ईजाजत नं.१६१५/०७९/०८०

## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **CHAI WAH SHOES TRADING CO**

पूर्व स्वीकृति मिति २०७९/०७/२८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/१५ | LT. No. 275499 | चलानी नं. ६०१९१२४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 30 | 0 | 1500 | ४३,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ २३ गते (6th June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**BIGYAN HR MANAGEMENT PVT. LTD.**
Govt. License 1503/074/75
Chandol - 4 Chapalkharkhana, Kathmandu, Tel.-014522477, 014523477

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **JEDDAH STEEL FACTORY**

पूर्व स्वीकृति मितिः २०८०/०२/१४ | LT.286576 | चलानी नं. ६०२०२०९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 3 | 0 | 1000 | ३५,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ २३ गते (6th June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैंले **सेवा शुल्कः निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**
श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **KARMA EAMAR CONTRACTING CO**

पूर्व स्वीकृति मितिः २०८०/०२/१५ | LT. No. 286769 | चलानी नं. ६०२०२०९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tower Crane Operator | 1 | 0 | 2800 | ९८,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ २३ गते (6th June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**G.R. Manpower Service Pvt. Ltd.**
Samakhusi- 26, Kathmandu, Nepal. Tel : +977-1-4355695
E-mail: grmanpower861@gmail.com
श्रम ईजाजत नं. ८६१/०६६/०६७

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**दोस्रोपटक प्रकाशित मिति : २०८०/०२/१६**

कम्पनी ऐन २०६३ बमोजिम स्थापना भएको प्रा. लि. नं २४५८०५/०७७/०७८ को साविक **स्वदेशी भेञ्चर्स प्रा. लि.** कम्पनीको नाम परिवर्तन भई अब उपरान्त **एभ्रेस्को नेपाल प्रा. लि.** कायम हुने गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट समेत स्वीकृती प्राप्त भई सकेकोले सोही बमोजिम हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MANAQEESH DISTRICT FOOD SERVICE RESTAURANT**

पूर्व स्वीकृति मिति : २०७९/१०/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०२/१५ | LT. No. 279916 | चलानी नं. ६०१९५३६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Worker | 2 | 0 | 1000 | ३५,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Kitchen Worker | 2 | 0 | 1000 | ३५,१६५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ २३ गते (6th June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Honesty Overseas Pvt.Ltd.**
श्रम ईजाजत नं. १०००/०६८/०६९
Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com, Web: www.honestyoverseas.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ABDULLAH BIN ESSA BIN HAMAD AL OWAIDAN GENERAL CONTRACTING EST.**

पूर्व स्वीकृति मिति : २०७९/११/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०२/१५ | LT. No. 282595 | चलानी नं. ६०१९७९८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 90 | 0 | 1000 | ३५,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ २३ गते (6th June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने : निः शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**दैलेख ओभरसिज प्रा.लि.**
Govt. License 1149/073/074
बसुन्धारा, चक्रपथ, काठमाडौं, नेपाल फोन नं. +९७७-१-४३८०१२१, ४३६२७१२
ई-मेल : everestnepal.hr@gmail.com, everestnepalglobalrecruitment@gmail.com

## एभ्रिटाईम बचत तथा ऋण सहकारी संस्था लि.

का.म.न.पा. ०५, कालोपुल, काठमाडौं, फोन नं.०१-४५१६३४५, ४५१६३४६

### कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्न शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**(सूचना प्रकाशित मितिः २०८०।०२।१६ गते, मंगलवार)**

यस संस्थाबाट कर्जा लिँदा गरेको शर्त अनुसार म्याद भित्र कर्जाको साँवा, ब्याज समेत नबुझाएको र कर्जाको साँवा, ब्याज समेतको रकम बुझाउन पटक-पटक मौखिक, लिखित सूचना र मिति २०८०/०१/०८ गते को **प्रभाव राष्ट्रिय दैनिक**मा १५ दिने सार्वजनिक सूचना प्रकाशन गर्दा समेत यस संस्थालाई तिर्न बुझाउनु पर्ने साँवा र ब्याज रकम बुझाउन नआउनुभएको तथा तिरे बुझाएको प्रमाण पेश नगरेको हुँदा ऋणी सदस्यले कर्जा लिँदा सुरक्षण बापत संस्थाको नाममा लेखिदिएको धितोको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम डाक बढाबढबाट बिक्री गरी सहकारी ऐन २०७४ को दफा ७९ बमोजिम संस्थाले साँवा, ब्याज असुलउपर गर्ने भएकोले धितोमा रहेको अचल सम्पत्ति सकार गरी लिन इच्छुक महानुभावहरुले तपसिलको शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र दिनुहुन यो सार्वजानिक सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| ऋणीको विवरण | धितोकोविवरण |
|---|---|
| **ऋणी :- अञ्जना बस्नेत**<br>बाबुको नाम : ढक बहादुर थापा<br>बाजेको नाम : भक्त बहादुर थापा<br>ठेगाना : उर्लाबारी न.पा. ०८, मोरङ्ग<br>नागरिकता नं. : ८०२९<br>जारी जिल्ला : ई.प्र.का. उर्लाबारी<br> | ऋणी अञ्जना बस्नेत र जमानी अति कुमारी बस्नेतको संयुक्त नाममा दर्ता रहेको काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ०६ कि.नं. १६१ क्षे.फ. ७९.४६ व.मि. जग्गा र सो जग्गामा बनेको घर लिगलगापात समेत पुरा |

**लिलामका शर्तहरु**

१. शिलबन्दी बोलपत्र फारम रु.५००।- (फिर्ता नहुने गरी) तिरी संस्थाबाट प्राप्त गर्न सकिने छ ।
२. लिलाममा अन्तिम पटक सबै भन्दा बढि बोल कबोल गरी सकार गरेर लिन चाहने ब्यक्तिले आँफुले बोल कबोल गरेको कुल रकमको १०% का दरले हुने रकम नगदै वा संस्थाको नाममा जारी गरिएको 'क' बर्गको बैंकको गुडफर पेमेन्ट चेक वा बैंक ड्राफ्टको सक्कल सहित बोलपत्र साथ यस संस्थामा बुझाउनु पर्ने छ ।
३. लिलाम बिक्रीको शिलबन्दी बोलपत्र स्वीकृत व्यक्तिले लिलाम स्वीकृत भएको मितिले ७ दिन भित्रमा कबुल गरेको सम्पूर्ण बाँकी रकम नबुझाएमा अग्रिम भुक्तानीको रकम (अर्नेस्ट मनी) जफत हुने छ ।
४. लिलाम बिक्रीको शिलबन्दी बोलपत्र मिति २०८०।०३।१८ गते दिनको ४:०० बजे सम्म बुझाईसक्नु पर्ने छ ।
५. लिलाम बिक्रीको शिलबन्दी बोलपत्र मिति २०८०।०३।१९ गते दिनको १:०० बजे बाट खोलिने छ । कुनै कारणले शिलबन्दी बोलपत्र खोल्ने दिन बिदा परेमा त्यसको भोलिपल्ट खोलिने छ । शिलबन्दी बोलपत्र खोली लिलाम बिक्री गर्ने कार्य गर्दागर्दै काम सम्पन्न नभएमा त्यसको भोलिपल्ट (बिदा परेमा बाहेक) कारवाही अगाडि बढाइने छ ।
६. लिलाम बिक्रीको लागि गोप्य शिलबन्दीको दरखास्त नपरेमा वा परेको दरखास्तमा लिलाम गर्न उचित नदेखेमा धितो संस्थाले सकार गर्न वा पुनःलिलाम गर्न सक्ने छ ।
७. लिलाम गर्ने दिन सम्मको संस्थाको लेना रकम र लिलामी गर्दा लागेको सबै खर्च समेत लिलाम गर्दा प्राप्त रकम बाट असुलउपर गरिने छ ।
८. लिलाम बिक्रीमा प्रचलित कानुनको अधिनमा रहि नेपाली नागरिक एवं चलअचल सम्पत्ति खरिद गर्न पाउने संस्थाले मात्र भाग लिन पाउने छन् ।
९. धितो सुरक्षण रहेको अचल सम्पत्ति लिलाम बिक्री सकार गरि लिन इच्छुकले उक्त अचल सम्पत्ति दाखिला खारेज गर्दा लाग्ने सम्पूर्ण शुल्क आँफैले ब्यहोर्नु पर्ने छ ।
१०.लिलाम बढाबढ गर्दा अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहने छ ।

**लिलाम हुने स्थान** : एभ्रिटाईम बचत तथा ऋण सहकारी संस्था लिमिटेड, कालोपुल, काठमाडौं
**लिलाम हुने मिति** : २०८०।०३।१९
**लिलाम हुने समय** : दिउसो १:०० बजे

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **S.K. Energy Traders** कम्पनीले **CHINA** बाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य **(MRP)** निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीको लागि प्रकाशन गरिएको छ ।

| सि.नं. | मालबस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पति मुलुक/राष्ट्र | ईकाई | प्रति इकाई मुल्य | अधिकतम खुद्रा इकाई मुल्य–MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RANGEHOOD CHIMNEY | N/A | SK ENERGY | SK-18 | N/A | CHINA | PCS | 10,000.00 | 10,000.00 | |
| 2 | RANGEHOOD CHIMNEY | N/A | SK ENERGY | SK-118 | N/A | CHINA | PCS | 10,000.00 | 10,000.00 | |
| 3 | RANGEHOOD CHIMNEY | N/A | SK ENERGY | SK-108 | N/A | CHINA | PCS | 10,500.00 | 10,500.00 | |
| 4 | RANGEHOOD CHIMNEY | N/A | SK ENERGY | SK-138 | N/A | CHINA | PCS | 6,700.00 | 6,700.00 | |
| 5 | RANGEHOOD CHIMNEY | N/A | SK ENERGY | SK-148 | N/A | CHINA | PCS | 7,500.00 | 7,500.00 | |
| 6 | RANGEHOOD CHIMNEY | N/A | SK ENERGY | SK-128 | N/A | CHINA | PCS | 7,500.00 | 7,500.00 | |

बिक्रेता फर्मको नाम : S.K. Energy Traders | स्थायी लेखा नं. : 302252282
ठेगाना : Boudda-6, Kathmandu, Nepal | फोन नं. : 9851040703

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १०८१०० | प्रति तोला – १०७६०० | प्रति तोला – १३६० |

## ९०० मेगावाट विद्युत् उत्पादन गरिने

**काठमाडौं (प्रस)–** नेपाल सरकारले आगामी दुई वर्षभित्र शतप्रतिशत जनसंख्यामा विद्युतको पहुँच पुऱ्याउने गरी राष्ट्रिय प्रसारण लाइन नपुगेका दुर्गम क्षेत्रका घरधुरीमा लघु तथा साना जलविद्युत् र सौर्य तथा वायुजस्ता नवीकरणीय ऊर्जा प्रविधिको विस्तार गर्ने भएको छ ।

अर्थमन्त्री डा प्रकाशशरण महतले सङ्घीय संसद् बैठकमा सोमबार आर्थिक वर्ष २०८०/८१ को बजेट प्रस्तुत गर्दै एक वर्षभित्र नौ सय मेगावाट विद्युत् राष्ट्रिय प्रसारणमा थप गरिने बताए । बजेटमा आयातित इन्धनको परिमाणलाई उल्लेख्यरूपमा घटाउने गरी प्रतिव्यक्ति विद्युत् खपत वृद्धि गरी चार सय ५० किलोवाट घण्टा पुऱ्याइने बताइएको छ ।

नेपाल विद्युत् प्राधिकरणबाट प्रबन्धित १११ मेगावाटको रसुवागढी, १०२ मेगावाटको मध्य भोटेकोशी, ४२ दशमलव ५ मेगावाटको सान्जेन तथा निजी लगानीकर्ताबाट प्रवर्द्धित जलविद्युत् र सोलार आयोजना सम्पन्न गरी आगामी आवमा करिब नौ सय मेगावाट विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा थप गरिने बजेटमा छ । आगामी आवको अन्त्यसम्म कूल विद्युत् उत्पादन तीन हजार छ सय मेगावाट पुग्ने बताइएको छ ।

रणनीतिक महत्व रहेको पश्चिम सेती जलविद्युत् परियोजना, सेती रिभर ६, तल्लो अरुणलगायतका जलविद्युत् आयोजनाको परियोजना विकास सम्झौता गरी निर्माण कार्य अघि बढाइ अर्थमन्त्री महतले बताए । बजेटमा सुक्खायामको विद्युत् माग सम्बोधन गर्न र जलविद्युत् निर्यात गर्न एक हजार दुई सय मेगावाट क्षमताको बूढीगण्डकी र छ सय ३५ मेगावाट क्षमताको दूधकोशी जलाशययुक्त जलविद्युत् आयोजनाको लगानी मोडालिटी तय गरी निर्माण कार्य अघि बढाइने उल्लेख छ ।

मन्त्री महतले सङ्घ, प्रदेश र स्थानीय तहको सहलगानीमा एक हजार ६१ मेगावाट क्षमताको माथिल्लो अरुण, २१० मेगावाट क्षमताको चैनपुर सेती, १०६ मेगावाट क्षमताको जगदुल्ला, ९९ दशमलव नौ मेगावाट क्षमताको तामाकोशी पाँचौं, ७० दशमलव तीन मेगावाट क्षमताको सिम्बुआ खोला तथा ७७ दशमलव पाँच मेगावाट क्षमताको घुन्सा खोला जलविद्युत् आयोजनाको निर्माण शुरू गरिने बताए ।

गत वर्ष सरकारले ऊर्जा क्षेत्रको विकासका लागि रु ७५ अर्ब १० करोड विनियोजन गरेको थियो । यस वर्ष रु ८७ अर्ब ४५ करोड छुट्याएको छ । यो वर्ष रु १२ अर्ब ३५ करोड ऊर्जा क्षेत्रको विकासका लागि बजेट वृद्धि गरिएको हो ।



अर्थमन्त्री डा प्रकाशशरण महत प्रतिनिधिसभा र राष्ट्रियसभाको संयुक्त बैठकमा सोमबार आव २०८०/०८१ को लागि अनुमानित आय व्यय विवरण प्रस्तुत गर्न सभाकक्ष प्रवेश गर्दै । *तस्बिरः रत्न श्रेष्ठ/रासस*

## बजेट निजी क्षेत्रको मनोबल बढाउने गरी आएको छ : अध्यक्ष ढकाल

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले सरकारले प्रस्तुत गरेको आगामी आर्थिक वर्षको बजेटमा निजी क्षेत्रलाई महत्व दिँदै विद्यमान आर्थिक अवस्थालाई सुधार गर्ने प्रतिवद्धता व्यक्त भएको बताएका छन् । निजी क्षेत्रलाई अर्थतन्त्रको सम्वाहकका रूपमा प्रवर्द्धन गर्ने विषय यस बजेटमा समावेश भएको उनको प्रतिक्रिया छ । बजेटमा महासङ्घले दिएका कतिपय सुझावहरू समेत समावेश भएको उनले बताए । उनले पूँजीगत खर्च बढाउने र अनुत्पादक खर्च कटौतीका लागि विशेष पहल गरिएको विषय स्वागतयोग्य रहेको प्रतिक्रिया दिए ।

अध्यक्ष ढकालले बजेटमा व्यवस्था गरिएका विषय कार्यान्वयनमा कसरी जान्छ भन्ने हेर्न भने बाँकी नै रहेको जानकारी दिए । बजेटमा निजी क्षेत्रलाई विश्वासमा लिने र प्राथमिकता दिने भनिएको भए पनि कार्यान्वयनमा कसरी आउँछ भन्ने विषयलाई आफूहरूले हेरिरहेको उनले बताए ।

'बजेट निजी क्षेत्रको मनोबल बढाउने गरी आएको छ । निजी क्षेत्रले दिएका कतिपय सुझाव समेटिएको पनि छ, आर्थिक ऐन कसरी आउँछ भन्ने हेर्न भने बाँकी छ', अध्यक्ष ढकालले भने ।

उनले नयाँ कम्पनी दर्ता गर्दा कुनै शुल्क नलाग्ने व्यवस्था तथा एक सय रूपैयाँमा कम्पनी खोल्न सकिने व्यवस्थाले स्टार्ट अपहरू आकर्षित हुनसक्छन् भने । त्यसैगरी बजेटको नवप्रवर्तन र अनुसन्धानका लागि निश्चित कोष नै खडा गरेर खर्च गरिने विषयले पनि अनुसन्धानलाई प्रश्रय दिने अध्यक्ष ढकालको प्रतिक्रिया छ ।

त्यस्तै यस बजेटबारेमा मुलुकको निजी क्षेत्रले मिश्रित प्रतिक्रिया दिएको छ । संसद् बैठकबाट बाहिरिने क्रममा निजी क्षेत्रका छाता संगठनका अध्यक्षहरूले बजेटमा निजी क्षेत्रले दिएका केही सुझाव समेटिएको भए पनि कार्यान्वयन पक्ष कसरी अगाडि जान्छ भनेर हेर्न बाँकी रहेको बताए ।

नेपाल उद्योग परिसङ्घका अध्यक्ष विष्णु अग्रवालले लगानीको प्रोत्साहनको अपेक्षा गरिएको भए पनि बजेटले सम्बोधन नगरेको बताए । उनले बजेटमा केही राम्रा कुरा आए पनि लगानीलाई प्रोत्साहित गर्नुपर्नेमा चुकेको बताए ।

'बजेटमा दुईवटा आद्यौगिक क्षेत्रलाई अगाडि बढाउने र दुईवटालाई सार्वजनिक निजी साझेदारीमा अगाडि बढाउने कुरा आएको छ । तर यसको चाँडै कार्यान्वयन भएमा नतिजा देखिने छ', उनले भने ।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले सीमित साधनस्रोत भएको मुलुकमा वितरणमुखी देखिएको छ । 'उत्पादन बढाउन जडीबुटीजन्य, खानीजन्य, कृषिको विकास गर्ने कुरा ल्याए पनि आर्थिक सङ्कट छ । वितरणमुखी भएकाले केही समस्या हुन्छ कि भन्ने लाग्छ', उनले भने ।

## 'अर्थतन्त्रलाई गतिशील र फराकिलो बनाइनेछ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले अर्थतन्त्रलाई गति पैदा गर्ने उद्देश्यका साथ आगामी आर्थिक वर्षको बजेट सार्वजनिक गरेको छ । अर्थमन्त्री डा प्रकाशशरण महतले सङ्घीय संसद्को संयुक्त बैठकमा प्रस्तुत गरेको आगामी आर्थिक वर्षको बजेटमा अर्थतन्त्रलाई गतिशील र फराकिलो बनाउने बताए । यस्तै, बजेटमा तीव्र आर्थिक विकास गर्ने, गुणस्तरीय सामाजिक विकास न्याय, लगानीमैत्री वातावरण बनाई निजी क्षेत्रको मनोबल उच्च आय तथा रोजगारीको गरिबी न्यूनीकरण गर्ने, समष्टिगत आर्थिक स्थायित्व, सङ्घीयताको सबलीकरण र सुशासन तथा सार्वजनिक खर्च वृद्धि गर्ने लक्ष्य राखिएको छ ।

आगामी आर्थिक वर्षको बजेटले कृषि, ऊर्जा, पर्यटन लगानी प्रवर्द्धन, औद्योगिक विकासलाई प्राथमिकता दिएको छ । यस्तै, बढ्दो व्यापार घाटालाई सन्तुलनमा ल्याउने, सामाजिक सुरक्षामा ध्यान दिने तथा पूर्वाधार निर्माण, विद्युतीय प्रणालीको विकासलाई प्राथमिकतामा राखिएको छ । त्यस्तै, वातारणको संरक्षण पूर्वाधार निर्माण, विपद् व्यवस्थापन, वित्तीय क्षेत्र सुधार, सार्वजनिक वित्तीय प्रणालीमा सुधार वित्तीय सङ्घीयताको सबलीकरण गर्ने बजेट प्रणालीमा सुधार गर्ने लक्ष्य राखिएको छ । यस्तै, बजेटले उस्तै प्रकृतिका २० वटा संस्थासमेत खारेज गरेको छ ।

सरकारले राष्ट्रिय गौरवका आयोजनाबाहेक अरु आयोजनामा तीन वर्षभन्दा बढी समयका लागि स्रोत सुनिश्चितता नदिने र स्रोत सहमति दिएको मितिले नौ महिनाभित्रमा काम सुरु नभए ठेक्का सम्झौता स्वतः रद्द गर्ने भएको छ । सरकारले आगामी आवको बजेट वक्तव्यमार्फत



यस्तो व्यवस्था कार्यान्वयनमा ल्याएको हो । त्यस्तै यसअघि स्रोत सहमति दिएर नौ महिना पूरा भई हालसम्म ठेक्का नलागेका तथा आगामी आवको बजेटमा विनियोजन प्रस्ताव नगरिएका आयोजनाको स्रोत सहमति खारेज गरिएको पनि अर्थमन्त्री डा प्रकाशशरण महतले बताए ।

स्रोत सहमति माग गरेको आवमा आयोजनाका लागि विनियोजित बजेटको अधिकतम चार गुणाभन्दा बढी नहुने गरी स्रोतको सहमति दिने गरी व्यवस्था मिलाइनेछ पनि बजेटमा उल्लेख छ । सार्वजनिक खरिद प्रक्रिया र वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) स्वीकृतिको प्रक्रिया सहज बनाउने घोषणा पनि सरकारले गरेको छ । वातावरण प्रभाव मूल्याङ्कन लागि रीतपूर्वक आएका प्रस्ताव ३० दिनभित्रमा स्वीकृत गरिसक्ने व्यवस्था गरिने बजेटमा राखिएको छ । त्यस्तै, वातावरण प्रभाव मूल्याङ्कनको तुलनामा १० प्रतिशतभन्दा बढी रुख तलमाथि भएका पूरक इआइएका गर्नु नपर्ने व्यवस्था गरिने बजेटमा उल्लेख छ । खरिद प्रक्रियामा देखिएका समस्या समाधान गरी सार्वजनिक खरिदलाई पारदर्शी र प्रभावकारी बनाउन ऐन र नियमावलीमा परिमार्जन गरिने विषयमा पनि बजेटमा राखिएको छ ।

गर्मी एवं वर्षातको समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।

औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ ।

यसबाट बच्न,

- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घर वरिपरि, बगैंचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
- ढल, नाला खुल्ला नराख्ने,
- पोखरी, दह तथा नालाहरूमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुंगुर, बंगुर, हाँस, घोडा जस्ता पशुपन्छीहरू व्यवस्थित ढंगले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपन्छीको खोर टाढा राख्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## कर्पोरेट

### सानिमा बैंक नवलपरासीको सुनवलमा



**काठमाडौं (प्रस)–** सानिमा बैंक लिमिटेडले नवलपरासीको सुनवल चोक, सुनवल नगरपालिका-४ मा बैंक शाखा स्थापना गरी बैंकिङ सेवा विस्तार गरेको छ । उक्त शाखा कार्यालयको समुद्घाटन ब्रान्ड प्रवर्द्धक वरिष्ठ कलाकारद्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य (मह जोडी) तथा बैंकका प्रमुख कार्यकारी अधिकृत निश्चल राज पाण्डेले संयुक्त रूपमा गरे ।

समुद्घाटन समारोहमा मह जोडीले नवलपरासीको सुनवलमा सानिमा बैंकको कार्यालय संचालनमा आएकोमा बैंकलाई बधाई ज्ञापन गर्दै सबल अनि विश्वसनीय बैंकको रूपमा निरन्तर विस्तार हुन र थप सफलताको लागि शुभकामना व्यक्त गरे । त्यसैगरी सानिमा बैंकका प्रमुख कार्यकारी अधिकृत पाण्डेद्वारा बैंकका ग्राहक तथा सरोकारवालाहरूलाई निरन्तर सहयोग तथा संरक्षणका लागि कृतज्ञता व्यक्त गरे । सानिमा बैंकको देशका सातै प्रदेशमा १३२ वटा कार्यालय र १२२ वटा ए.टि.एम. संचालनमा रहेका छन् ।

### गणतन्त्र दिवसमा मञ्जुश्री फाइनान्सको रक्तदान कार्यक्रम



**काठमाडौं (प्रस)–** मञ्जुश्री फाइनान्स लिमिटेडलेसोमबार गणतन्त्र दिवसको उपलक्षमा लियो क्लब अफ काठमाडौं यूनाइटेड ब्राइट संगको सहकार्यमा रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । रक्तदान जिबन दान भन्ने भावका साथ उक्त कार्यक्रम संचालन गरिएको हो । यस अवसरमा फाइनान्सका कर्मचारी तथा अन्य ब्यक्तिहरूले रक्तदान गरेका थिए ।

फाइनान्सका सातै प्रदेश स्तरीय शाखा कार्यालयहरूमा रक्तदान कायक्रम आयोजना गरिएको फाइनान्सले जनाएको छ । नयाँ बानेश्वर, काठमाडौंमा केन्द्रीय कार्यालय रहेको यस वित्तीय संस्थाले बिभिन्न शाखाहरूबाट आफ्नो सेवा प्रदान गर्दै आइरहेको छ । हाल यस फाइनान्सका २७ वटा शाखा कार्यालयहरू रहेका छन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ